नेपाल सरकार
कानून न्याय तथा संसदीय मामिला मन्त्रालय



Japan International Cooperation Agency
JICA

# संरक्षक र माथवर

## कसलाई संरक्षक मानिन्छ ?

असक्षम वा अर्धसक्षम व्यक्तिको हक, हितको संरक्षण गर्न कानुनबमोजिम नियुक्त भएको वा दायित्व भएको व्यक्तिलाई संरक्षक मानिन्छ।







### असक्षम व्यक्ति

दश वर्ष उमेर पूरा नभएको वा दश वर्ष उमेर पुगेको भए पनि होस ठेगानमा नरहेको कारण आफ्नो हक र हितको संरक्षण गर्न नसक्ने व्यक्तिलाई कानूनले असक्षम व्यक्ति मान्दछ। ९ वर्षको प्रतीक असक्षम व्यक्ति हुन्।

### अर्धसक्षम व्यक्ति

दश वर्ष पूरा भई अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई कानूनले अर्धसक्षम व्यक्ति मान्दछ। १६ वर्षकी निश्चला अर्धसक्षम व्यक्ति हुन्।

## कस्ता व्यक्ति संरक्षक हुन्छन् ?






- असक्षम वा अर्धसक्षम व्यक्तिको कानूननबमोजिम प्राथमिकताक्रमको नातेदार स्वत: संरक्षक हुन्छन्।

- प्रतीकको अन्य संरक्षक नभएर उनी बालबालिकाको कल्याण गर्ने तथा हक हित संरक्षण गर्ने उद्देश्यले कानूनबमोजिम स्थापित संस्थामा रहेको अवस्थामा त्यस्तो संस्थालाई नै उनको संरक्षक मानिन्छ।




- कुनै असक्षम वा अर्धसक्षम व्यक्तिका लागि कुनै व्यक्ति संरक्षक हुन नचाहेको अवस्थामा सम्बन्धित वडा समिति वा सरोकारवालाले संरक्षक नियुक्त गर्न जिल्ला अदालतमा निवेदन दिएमा अदालतले संरक्षक नियुक्त गरिदिन्छ।

- कानून बमोजिम वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिको नाबालक भए निजलाई पालनपोषण गर्ने बाबु वा आमा संरक्षक हुन्छन्।



- निश्चला मानसिक रूपमा स्वस्थ भएको र दश वर्ष उमेर पूरा गरेको हुनाले उनको संरक्षक उनले रोजेको व्यक्तिलाई अदालतले उनको संरक्षक प्रमाणित गरिदिन सक्छ।

## कस्तो व्यक्ति संरक्षक हुन सक्दैन ?

निम्न प्रकारको व्यक्ति संरक्षक हुन सक्दैन:-




- असक्षम वा अर्धसक्षम व्यक्ति,



- असक्षम वा अर्धसक्षम व्यक्तिको हक वा हितविपरीत काम गरेको प्रमाणित भएको व्यक्ति,



- प्राथमिकताक्रममा रहेका नाताभित्रको नभएमा अदालतबाट तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको व्यक्ति,


- अदालतबाट संरक्षक हुन अयोग्य देखिएको व्यक्ति।

## संरक्षकको दायित्व के हुन्छ ?



- आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिको पालनपोषण, स्वास्थ्य, शिक्षा, मनोरञ्जन तथा हेरविचारको व्यवस्था निजको सम्पत्ति भए त्यस्तो सम्पत्तिबाट र त्यस्तो सम्पत्ति नभए आफ्नो सम्पत्तिबाट गर्ने,
- संरक्षकत्वमा रहेको व्यक्तिको सम्पत्तिको रेखदेख तथा संरक्षण गर्ने र पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेरविचार गर्दा लागेको खर्च तथा निजको सम्पत्ति व्यवस्थापन गर्दा भएको आयव्ययको हिसाबकिताब र सम्पत्तिको स्वामित्व प्रमाणित गर्ने, विवरण दुरुस्त राख्ने।

## कस्तो अवस्थामा संरक्षकत्वको समाप्ति हुन्छ ?




- संरक्षकले आफू संरक्षक हुन नसक्ने भनी दिएको निवेदन अदालतबाट स्वीकृत भएमा,



- संरक्षक वा संरक्षकत्वमा रहेको असक्षम वा अर्धसक्षम व्यक्तिको मृत्यु भएमा,




- असक्षम वा अर्धसक्षम व्यक्ति सक्षम भएमा,



- संरक्षकत्वमा रहेको असक्षम वा अर्धसक्षम व्यक्तिको अनुरोधमा अदालतले संरक्षकलाई हटाएमा।

# माथवर

## कस्तो अवस्थामा माथवर नियुक्त गरिन्छ ?




कानून बमोजिम संरक्षकको संरक्षण रहनुपर्ने असक्षम, अर्धसक्षम वा होस ठेगानमा नरहेको व्यक्तिको कोही संरक्षक नभएमा अर्को कुनै व्यक्तिले निजको माथवरको हैसियतले काम गर्न सक्दछ। उदाहरणका लागि, यदि निश्चला (असक्षम, अर्धसक्षम वा होस ठेगानमा नभएको व्यक्ति)को कोही संरक्षक छैन भने अर्को कुनै व्यक्तिले उसको माथवरको हैसियतले काम गर्न सक्दछ।

- निश्चलाको अभिभावक भए तापनि उनको आमाबाबुले उनको पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेरविचारका लागि कुनै व्यक्तिलाई निश्चलाको माथवर नियुक्त गर्न सक्छन्।

- कुनै व्यक्तिको संरक्षक नभएमा वा कुनै व्यक्तिले पनि निजको माथवरको रूपमा काम नगरेमा स्थानीय तहको सम्बन्धित वडा समितिले त्यसको विवरण खुलाई माथवर नियुक्त गर्न अदालतसमक्ष निवेदन दिनुपर्छ। यस्तो निवेदन परेमा माथवर बनाउन प्रस्तावित व्यक्तिहरूमध्येबाट उपयुक्त कुनै एक व्यक्तिलाई माथवर नियुक्त गर्ने गरी जिल्ला अदालतले आदेश दिन्छ।

## माथवरका दायित्वहरु के के हुन्छन् ?

- संरक्षकले पुरा गर्नुपर्ने सबै दायित्वहरू माथवरका दायित्व हुन्छन् तर माथवरले संरक्षकले जस्तो आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिको सम्पत्ति लगानी गरी कुनै व्यवसाय वा कारोबार गर्न भने पाउँदैन/सक्दैन।



- माथवरले आफूले जिम्मा लिएको सम्पत्तिबाट प्राप्त भएको प्रतिफल माथवरीमा रहेको व्यक्तिको पालनपोषण, स्वास्थ्य तथा त्यस्तो व्यक्ति नाबालक भए शिक्षा दक्षाको लागि पूरै खर्च गर्न सक्छ। चल सम्पत्तिबाट नभ्याउने रहेछ भने त्यस प्रयोजनको लागि अचल सम्पत्ति वा त्यसको कुनै अंश बिक्री गर्न त्यसको कारण खुलाई अनुमतिको लागि अदालतमा निवेदन दिएमा अदालतले उचित ठानेबमोजिम अचल सम्पत्ति वा त्यसको कुनै अंश बिक्री गर्न अनुमति दिन सक्छ।

नोट: माथवरी अन्त्य भएकोमा माथवरको हैसियतमा जिम्मा लिएको सम्पत्ति माथवर भएको व्यक्तिले तुरुन्त सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्छ।

नेपाल सरकार
कानून न्याय तथा संसदीय मामिला मन्त्रालय




Japan International Cooperation Agency

# पारिवारिक अंशबन्डा

## हर्कबहादुरको परिवार

हर्कबहादुरको पाँच जनाको परिवार छ। हर्कबहादुरको पत्नीको नाम सीता हो। उनीहरूका दुई छोरी एक छोरा छन्। छोराको नाम राम र छोरीहरूको नाम गीता र रीता हो। रीता विवाहित छोरी  हुन्। हर्कबहादुरकी पत्नी अहिले गर्भवती अवस्थामा पनि छिन्।





नोट:
विवाहित छोरी
रीता पनि समान
अंशियार हुन्।

### हर्कबहादुरका अंशियार



पत्नी (सीता), छोरा (राम), छोरी (गीता), विवाहित छोरी (रीता), गर्भमा रहेको शिशु र आफू (हर्क) हर्कबहादुरका अंशियार हुन्।

## केकेमा अंश लाग्दछ ?



हर्कबहादुरका परिवारको सगोलको सम्पत्ति
(अंशबन्डा नभएका घरजग्गा,
चल अचल सम्पत्ति)



प्रत्येक अंशियारलाई सगोलको ऋण
तिर्ने दायित्व बराबर हुन्छ।


फाल्गुन २०७९

## अंशबन्डा कसरी हुन्छ ?

अंशबन्डाको लिखतद्वारा सगोलको सम्पत्ति अंशबन्डा गर्न सकिन्छ।
अंशबन्डा निम्न तरिकाबाट गर्न सकिन्छ:-



सहमतिद्वारा



गोलाप्रथाद्वारा




मुद्दाद्वारा

## कस्तो अवस्थामा अंश लिन सकिन्छ ?

- हर्कबहादुरले सीतालाई वा सीताले हर्कबहादुरलाई घरबाट निकाला गरिदिएमा वा हर्कबहादुरले सीतालाई वा सीताले हर्कबहादुरलाई शारीरिक वा मानसिक यातना दिएमा हर्कबहादुर वा सीताले जहिले सुकै आफ्नो अंशभाग लिई भिन्न हुन सक्छन्।

- हर्कबहादुर र सीताको कानूनबमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने भएमा वा वैवाहिक सम्बन्ध अन्त्य भएमा पनि हर्कबहादुर र सीताबाट जन्मिएका छोराछोरीहरूलाई अंसियार मानिन्छ।

- सगोलमा बसेका दाजुभाइका छोराछोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउँछन्, अंश नहुँदै हर्कबहादुरको मृत्यु भएमा हर्कबहादुरले पाउने अंश पत्नी सीता वा छोराछोरीहरूले पाउँछन्, हर्कबहादुरका एकभन्दा बढी पत्नीहरू र छोराछोरी भएका भए उनीहरूले पनि हर्कबहादुरका भागबाट मात्र अंश पाउँछन्।


- अंशबन्डा गर्दा धनजस्तै ऋण पनि बराबर बाँडिन्छ/ बाँड्नुपर्छ साहूको मञ्जुरी नलिई कुनै अंशियारले मात्र सगोलको ऋण तिर्ने गरी अंशबन्डा गर्न सकिँदैन।



# अपुताली

## अपुताली भनेको के हो ?

अपुताली भन्नाले मृतकको ऋण, धन र सम्पत्तिसम्बन्धी दायित्व र अधिकार कानूनबमोजिम हकवालामा सर्ने कार्यलाई बुझिन्छ। अंश हकमा नातालाई हेरिन्छ भने अपुतालीमा नजिकको नातावाला नै हुनु पर्दछ भन्ने हुदैन। स्याहारसम्भार गर्ने व्यक्तिले पनि अपुताली पाउन सक्दछ  वा कानूनले कायम गरेको मर्नेको अरू हकवालाले पनि अपुताली प्राप्त गर्न सक्दछ। हकवालाको प्राथमिकताक्रम कानूनले निर्धारण गरेको हुन्छ।




## अपुताली कहिले खुला भएको मानिन्छ ?

कुनै व्यक्तिको मृत्यु भएमा निजको अपुताली खुला भएको मानिन्छ।

## अपुताली कसले पाउँदछ ?

अपुताली पाउने नजिकको हकवालाको प्राथमिकताक्रम निम्नबमोजिम हुन्छः-

१. सगोलको पति वा पत्नी
२. सगोलको छोरा, छोरी, विधवा बुहारी,
३. सगोलको बाबु, आमा, सौतेनी आमा, छोराछोरीतर्फका नाति, नातिनी, नातिनी बुहारी
४. भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा,
५. भिन्न भएका छोरातर्फका नाति, नातिनी,
६. भिन्न भएका बाजे, बज्यै,
७. सगोलका जिजुबाजे, जिजुबज्यै, दाजु, भाई,  दिदी, बहिनी, विधुवा भाउजु वा भाई बुहारी,
८. सगोलका काका, काकी, भतिजा, भतिजी,
९. भिन्न भएका दाजु, भाई, दिदी, बहिनी, विधुवा भाउजु वा भाइबुहारी।



- एउटै प्राथमिकताक्रमका एकभन्दा बढी हकवाला भएमा निजहरू सबैले समान रूपमा अपुताली पाउँछन्।
- नजिकको हकवालाले स्याहार सम्भार नगरेमा स्याहार सम्भार गर्ने व्यक्तिले अपुताली पाउँदछ।
- कुनै व्यक्तिको अपुताली लिने कोही नभएमा वा नलिएमा त्यस्तो सम्पति सम्बन्धित स्थानीय तहको हुन्छ।
- कुनै व्यक्तिले अपुताली अस्वीकार गर्न सक्छ, त्यस्तो गरेमा अपुताली परेको तीन वर्षभित्र त्यस्तो कुराको जानकारी सम्बन्धित जिल्ला अदालतलाई लिखित रूपमा दिनुपर्छ।

## अपुताली कसले पाउँदैन ?

कसैले रिस इबी वा अपुताली पाउने बदनियतले कसैको ज्यान लिएमा वा लिन लगाएमा त्यसरी ज्यान लिने वा लिन लगाउने व्यक्ति र निजको हकवालाले मृतक वा निजको हकवालाको अपुताली पाउँदैन।



## अपुताली पाउने व्यक्तिको दायित्व तथा अधिकार

अपुताली पाउने व्यक्तिले निम्न दायित्व पूरा गरेको हुनुपर्दछ:-



१. मृतकको रीत, परम्पराअनुसार सद्गत तथा किरिया गर्नु वा गराउनुपर्ने,

२. मृतकले लिएको ऋण साहूलाई भुक्तानी गर्नुपर्ने (तर मृतकको सम्पत्तिभन्दा बढीको ऋण तथा दायित्व अपुताली पाउने व्यक्तिले तिर्न बाध्य हुँदैन), र

३. मृतकले दिएको ऋण तथा लगानी गरेको सम्पत्तिमाथि अपुताली पाउनेको अधिकार हुन्छ।

## उजुरी गर्ने हदम्याद

अपुताली खुला भएको मितिले तीन वर्षभित्र जिल्ला अदालतमा उजुरी दिनुपर्दछ।



# घर बहाल–१

## घर भन्नाले के बुझिन्छ?





घर भन्नाले कुनै घर (भवन), घर/भवनको तल्ला, कोठा वा त्यस्तो घर/भवनले चर्चेको जग्गा वा घरको वरिपरीको जमिन पर्दछन्।

## घरबहाल भन्नाले के बुझिन्छ?



- कसैले आफ्नो हक, भोग वा स्वामित्वमा रहेको घर/भवन सम्झौताबमोजिम तोकिएको रकम लिने गरी निश्चित समयको लागि अर्को कुनै व्यक्तिलाई उपयोग गर्न दिएमा बहालमा दिएको मानिन्छ।

# घरधनीको दायित्व र अधिकार

## दायित्व

- बहालमा बस्ने व्यक्तिलाई सम्झौताबमोजिम घर उपयोग गर्न दिनुपर्ने,
- घरमा उपलब्ध भएसम्म पानी तथा बिजुलीको आपूर्ति र ढल निकास व्यवस्था गर्नुपर्ने,
- बसोबास गर्न असुरक्षित घर बहालमा दिन नहुने।
- बहालमा दँदा त्यस्तो घरको बनौट सम्बन्धमा कुनै कमजोरी वा त्रुटी छन् भने सोको विवरण बहालमा लिनेलाई दिनुपर्ने।
- अन्य व्यक्ति बाट असुरक्षा, हैरानी वा अशान्ति हुनबाट रोक्नुपर्ने।
- बहालमा दिएको घरको कर तथा अन्य दस्तुर तिर्नु बुझाउनुपर्ने।



## अधिकार

- घरधनीले सम्झौतामा उल्लिखित समयमा बहालवालासँग घरभाडा लिन पाउँछ,
- घरधनीले पूर्व सूचना दिएर बहालमा दिएको घरको निरीक्षण गर्न पाउँछ,
- घरधनीले बहालमा बसेको व्यक्तिलाई घरबाट हटाउनुपरेमा कम्तीमा पैंतीस दिनको अग्रिम लिखित सूचना दिएर हटाउन सक्छ।



विस्तृत जानकारीको लागि
घर बहाल–२को पर्चा हेर्नुहोला ।

# घर बहालमा लिने व्यक्तिको दायित्व र अधिकार

## दायित्व



- निर्धारित समयमा घरधनीलाई बहालको रकम भुक्तानी गर्नुपर्ने,
- बहालमा लिएको घर आफ्नो घरसरह मानी सरसफाइ, उचित र मनासिब तवरले हेरचाह, संरक्षण तथा सुरक्षा गर्नुपर्ने,
- आफू बहालमा रहेको घरका अन्य व्यक्ति वा छिमेकीलाई अशान्ति, हैरानी वा असुरक्षा हुनेजस्ता कुनै काम गर्न नहुने।

## अधिकार

- बहालमा लिने व्यक्तिले सम्झौतामा उल्लिखित समयको लागि र आफूलाई चाहिएअनुसार भाडामा लिएको घर प्रयोग र सदुपयोग गर्न पाउँछ,
- देहायको अवस्थामा बहालमा लिने व्यक्तिले कम्तीमा पैंतीस दिनअगाडि नै सूचना दिएर घर बहाल अवधि सकिनुभन्दा अगाडि नै घर छाड्न पाउँछ,
  - क) घरधनीले आफ्नो दायित्व पूरा नगरेमा,
  - ख) बहालवालाले जुन कामको लागि घर बहालमा लिएको हो अब त्यस्तो कामको लागि घर नाचाहिने भएमा,
  - ग) घरधनीले सम्झौताविपरीत कुनै काम गरेमा।
- घरधनीसँगको सम्झौतामा आफूले बहालमा लिएको घर वा कुनै अंश अन्य व्यक्तिलाई पुन: बहालमा दिने कुरा उल्लेख भएको छ भने घरबहालमा लिने व्यक्तिले अन्य व्यक्तिलाई सम्झौता बमोजिम बहालमा दिन सक्दछ।

# घरको मर्मत तथा सम्भार

## घर बहालमा लिने व्यक्तिको दायित्व

- बहालमा लिएको घर आफ्नो घरसरह मानी सरसफाइ, उचित र मनासिब तवरले हेरचाह, संरक्षण तथा सुरक्षा गर्ने दायित्व बहालवालाको हुन्छ।
- घरधनीको लिखित स्वीकृति विना घरको संरचना हेरफेर गर्नु हुँदैन।
- बहालमा लिएको घरको मर्मत तथा सम्भारको जिम्मा सामान्यत: बहालमा लिने व्यक्तिकै हुन्छ (सम्झौतामा घरधनीले नै मर्मत गर्ने उल्लेख भएमा बाहेक)।
- घरको बिमा गराउनुपर्ने दायित्व: औद्योगिक/व्यावसायिक प्रयोजनको लागि घर बहालमा लिने व्यक्तिले त्यस्तो घरको बिमा गराउनुपर्दछ।

## घरधनीको दायित्व

- बहालमा लिएको घरको मर्मत तथा सम्भारको जिम्मा सम्झौतामा उल्लेख भएमा बहालमा दिने व्यक्तिको दायित्व हुन्छ।
- सम्झौतामा बहालमा लिएको घरको मर्मत, सम्भार घरधनीले गर्ने कुरा उल्लेख भएमा र बहालमा लिएको कुनै घरको मर्मत, सम्भार गर्नुपर्ने भएमा बहालमा लिने व्यक्तिले समयमानै घरधनीलाई लिखित सूचना दिनुपर्छ।
- सूचना गर्दा पनि घरधनीले बहालमा दिएको घरको मर्मत सम्भार नगरेमा बहालमा बसेको व्यक्तिले त्यस्तो घरको आफैँले मर्मत सम्भार गर्न सक्छ।
- घरको मर्मत सम्भार गर्दा लागेको बीलबमोजिमको खर्च रकम बहालमा बस्ने व्यक्तिले घर धनीलाई दिनुपर्ने बहाल रकमबाट कटाई लिन पाउँछ।
- घरको मर्मत, सम्भार गर्दा घरधनी र बहालवालाबिच त्यस सम्बन्धमा छुट्टै सहमति भएकोमा बाहेक मर्मत, सम्भार गर्नुअघि बहालमा लिने व्यक्तिले मर्मत, सम्भारको लागत अनुमान तयार गरी घरधनीलाई पन्ध्रदिन अगावै लिखित जानकारी गराउनुपर्छ।

## मालसामान वा वस्तुको विवरण

- घरधनीले आफ्नो घर बहालमा दिनुअघि बहालमा दिने घरमा रहे, भएका मालसामान वा वस्तुको विवरण तयार गर्नुपर्छ।
- तयार गरिएको विवरणमा उल्लिखित मालसामान वा वस्तु बहालमा लिने व्यक्तिले प्रयोग गर्ने भएमा त्यस्तो मालसामान वा वस्तु बुझी, त्यसको भरपाई घरधनीलाई दिनुपर्छ।
- बहालमा लिने व्यक्तिले आफूले लिएको घर, बहालबाट छाड्दा आफ्नो जिम्मामा रहेको मालसामान वा वस्तु गन्ती गरी तथा घर सफा वा रङ्गरोगन गर्नुपर्ने भए सो समेत गरी घरधनीलाई दुरुस्त बुझाउनुपर्छ।तर दैनिक प्रयोग गर्दा खिइने वा नष्ट हुने मालसामान वा वस्तुको शोधभर्ना गर्न वा त्यस्तो मालसामान वा वस्तुको रकम दिन बहालमा लिने व्यक्ति बाध्य हुँदैन।




घरबहाल सम्झौता तयार गर्दा चाहिने आवश्यक कुराहरू, घर बहालको सम्झौता समाप्ति र घर खाली गराउने सम्बन्धी विस्तृत जानकारीको लागि घर बहाल-२को पर्चा हेर्नुहोला ।


# घर बहाल–२


## घरबहाल सम्झौता तयार गर्दा चाहिने आवश्यक कुराहरू केके हुन् ?

- घर बहालमा दिँदा घरधनीले घर बहालमा लिनेवालासँग घरबहाल सम्झौता गर्नुपर्दछ तर मासिक बीसहजार रुपैयाँभन्दा कम रकममा घरबहालमा दिँदालिँदा भने लिखित सम्झौता गर्नुपर्ने बाध्यता हुँदैन।

## घरबहाल सम्झौता तयार गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्दछः–

- घर बहाल लिने र दिने व्यक्तिको पूरा नाम र ठेगाना, नागरिकता नम्बर र विदेशी भए राहदानी वा परिचय खुल्ने प्रमाणपत्र,
- घर रहेको ठाउँ र जग्गाको कित्ता नम्बर,
- बहालमा लिने प्रयोजन, (घर बहालको अवधि पाँच वर्षमा नबढाई सम्झौतामा उल्लेख गरे बमोजिम हुन्छ। व्यापारिक प्रयोजनका लागि घरबहाल दिएकोमा भने सम्झौतामा उल्लेख भएबमोजिम नै हुन्छ।)



- बहाल सुरु हुने मिति, बहाल कायम रहने अवधि, मासिक बहाल रकम, बहाल बुझाउने समय र प्रक्रिया, (प्रक्रियाबमोजिम बहाल बुझाउने सम्बन्धमा सम्झौतामा कुनै तरिका र प्रक्रिया उल्लेख नभएकोमा बहालमा लिने व्यक्तिले प्रत्येक महिना भुक्तान भएको सात दिनभित्र घरधनीलाई बहाल बुझाउनुपर्छ।)
- घरमा प्रयोग भएका बिजुली, खानेपानी, टेलिफोन आदिको महसुल बुझाउने दायित्व,
- घर बहाल कर भुक्तानी गर्ने कुरा,
- बहालमा लिएको घरको बिमा गर्नुपर्ने भए सोसम्बन्धी कुरा,
- बहालमा लिएको घर छाड्ने तथा बहालमा बसेको व्यक्तिलाई हटाउनेसम्बन्धी कुरा,

- बहालमा लिएको घर अन्य व्यक्तिलाई बहालमा दिन पाउने वा नपाउने कुरा,
- बहालमा दिएको घरको आवश्यक मर्मत, सम्भार गर्ने दायित्वको कुरा,
- बहालमा बस्ने व्यक्तिको फोटो र बहालमा दिनेलिने दुवैका कम्तीमा दुई जना साक्षीको सहीछाप।

## कस्तो अवस्थामा घरधनीले घर खाली गराउन सक्दछ ?

- घरबहालमा लिने व्यक्तिले सम्झौता बमोजिमको आफ्नो दायित्व पूरा नगरेमा,
- बहालमा बस्ने व्यक्तिले बहालमा लिएको घरभित्र कानूनले निषेध गरेको कुनै कसूरजन्य क्रियाकलाप गरेमा,
- घरधनी आफैँलाई घर आवश्यक भएमा,
- घरबाट मानिस हटाई घरको मर्मत सम्भार गर्नु परेमा,
- प्राविधिक तथा स्वास्थ्यका दृष्टिले बहालमा दिएको घरमा मानिस बसोबास गर्न उपयुक्त नदेखिएमा,
- घर बहालको अवधि समाप्त भएमा,
- बहालमा बस्ने व्यक्तिले सम्झौता वा घरबहाल कानून विपरीत कुनै काम गरेमा,

घरधनी आफैँलाई घर आवश्यक भएर बहालमा लिएको व्यक्तिलाई घरबाट हटाउनुपरेमा घरधनीले कम्तीमा पैंतीस दिनको अग्रिम लिखित सूचना दिनुपर्छ। यसरी घरधनीले बहालमा लिएको व्यक्तिलाई हटाएकोमा त्यस्तो घर आफूले प्रयोग नगरी तीन महिनासम्म अन्य व्यक्तिलाई बहालमा दिन पाउँदैन।




## कस्तो अवस्थामा घर बहालको सम्झौता समाप्त भएको मानिन्छ ?



- बहालमा लिने व्यक्तिले घर छाडेमा,
- घरधनीले बहालमा बस्ने व्यक्तिलाई घरबाट हटाएमा,




- बहालमा लिने, दिने व्यक्तिले आपसी सहमतिमा सम्झौता रद्ध गरेमा,
- घर बहालको अवधि समाप्त भएमा।

## घरधनीले घर खाली गराउन सक्ने

बहालमा लिएको व्यक्तिले बहालमा बस्दा सर्तबमोजिम काम नगरेमा, निजले बहालमा लिएको घरको सरसफाइ, संरक्षण वा सुरक्षा नगरेमा वा निजले बहालमा बस्ने अन्य व्यक्ति वा छिमेकीलाई हैरानी, दु:ख वा अशान्ति हुने कुनै काम गरेमा बहालमा दिने व्यक्तिले निजलाई जुनसुकै बखत घरबाट हट्ने सूचना दिन पाउँछ।

# घर खाली गराउने प्रक्रियाहरू

- घरबहालमा लिने व्यक्ति बिना सूचना तीन महिना वा सोभन्दा बढी अवधिसम्म बहाल रकम नबुझाई बेपत्ता भएमा र निजलाई सार्वजनिक रूपमा सूचना गर्दा वा निजको ठेगाना पत्राचार गर्दा पनि फेला नपरेमा, फेला परेपनि निज वा निजको कुनै हकवाला वा प्रतिनिधि उपस्थित नभएमा घरधनीले स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा त्यस्तो व्यहोराको निवेदन दिनुपर्छ,

- सम्बन्धित वडा कार्यालयले निवेदन परेको पन्ध्र दिनको सूचना दिई बहालवालालाई उपस्थित हुन सार्वजनिक सूचना गरेको अवधिभित्र पनि उपस्थित नभएमा वडा कार्यालयले बहालमा रहेको घर खोली मालसामान आफ्नो वा कुनै मानिसको जिम्मा रहने गरी घर खाली गराउन सक्छ,

- यसरी बेपत्ता भएको मानिस छ महिनाभित्र फर्की आएमा वा आफ्नो कुनै प्रतिनिधि पठाएमा सम्बन्धित वडा कार्यालयले बहाल बापतको बाँकी रकम लिई मालसामान निजलाई फिर्ता दिनुपर्छ,




- स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा निवेदन परेको एक महिनासम्म पनि त्यस्तो कार्यालयले कुनै कारबाही नगरेमा घरधनी आफैले सम्बन्धित वडा कार्यालय र नजिकको प्रहरी कार्यालयमा निवेदन दिई प्रहरी कर्मचारी र कम्तीमा दुई जना स्थानीय व्यक्तिलाई साक्षी राखी लिखत खडा गरी घर खोली निजको मालसामान प्रहरीको जिम्मा दिनुपर्नेछ।

- उल्लिखित कामकारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए, गरेको मितिले छ महिनाभित्र नालिस/उजुर गर्न पाउँछ।

घरधनी र घर बहालमा लिने व्यक्तिको दायित्व र अधिकार एवं घरको मर्मत तथा सम्भारसम्बन्धी विस्तृत जानकारीको लागि घर बहाल–१को पर्चा हेर्नुहोला ।

# दुष्कृति




## दुष्कृति भनेको के हो ?

दुष्कृति एक प्रकारको गल्ती हो जसमा कसैले कसैको निजी कानूनी अधिकार को उल्लङ्घन गरेको हुन्छ। त्यस्तो गल्ती गर्ने व्यक्तिले दायित्व वहन गर्नु पर्दछ। त्रुटी, लापरवाही वा हेलचक्रयाइँबाट गरेको कुनै काम अथवा अकर्मण्यता (कसैले गर्नुपर्ने काम नगरेको) को कारणले कसैलाई क्षति वा कसैको जीउ, ज्यान वा सम्पत्तिमा हानी, नोक्सानी हुन गएमा त्यस्तो हानी पुऱ्याउने व्यक्तिले दायित्व वहन गर्नुपर्छ।



उदाहरणका लागि:- कुनै व्यक्तिले आफ्नो बगैँचाको रुख काट्दा छिमेकीको घरमा क्षति पुऱ्याएमा वा छिमेकी घाइते भएमा त्यस्तो बगैँचाधनीले छिमेकीको घरमा पुगेको क्षतिको क्षतिपूर्ति गर्नुपर्छ। घाइते छिमेकीको औषधोउपचार खर्च पनि बेहोर्नुपर्छ।

दुष्कृतिको उपचार क्षतिपूर्तिद्वारा प्रदान गरिन्छ।





पीडितले माग गरेमा अदालतले गल्ती गर्नेलाई मुनासिब क्षतिपूर्ति भर्न लगाउन सक्छ। त्यसरी भर्न लगाइने क्षतिपूर्ति, रकम वा बस्तु वा सेवा जस्तो सुकै पनि हुन सक्छ। त्यस्तो क्षतिपूर्ति वास्तविक क्षति वा हानिअनुसारकै हुन्छ।




दुष्कृतिजन्य केही व्यवहारलाई देवानी कानूनअन्तर्गत र केही व्यवहारलाई फौजदारी कानूनअन्तर्गत मुद्दा चलाइन्छ।




मर्कापर्ने व्यक्तिले सो कामकारबाही भए, गरेको मितिले छ महिनाभित्र नालिस गर्नुपर्छ।

नोट: कुनै दुष्कृतिलाई कानूनबमोजिम फौजदारी कसूर मानिएको वा त्यस्तो दुष्कृतिका सम्बन्धमा अन्य कानूनमा छुट्टै व्यवस्था भएकोमा सोही कानून बमोजिम उपचार मिल्छ र दुष्कृतिको आधारमा दायित्व बेहोर्नु पर्दैन।

# दुष्कृति दायित्व बेहोर्नुपर्ने व्यक्ति



## आमा, बाबुले दायित्व बेहोर्नु पर्ने

- चौध वर्ष पूरा नभएको नाबालकले गरेको गल्तीवापत निजसँग बसेका आमा, बाबु र आमा, बाबु नभएमा मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्ने व्यक्ति (जस्तै संरक्षक, माथवर)ले दायित्व बेहोर्नुपर्छ।

## संरक्षक वा माथवरले दायित्व बेहोर्नुपर्ने

- होस ठेगानमा नरहेको व्यक्तिले गरेको हानी, नोक्सानी वापत निजको संरक्षक वा माथवरले दायित्व बेहोर्नुपर्छ।



## काम लगाउने व्यक्तिले दायित्व बेहोर्नुपर्ने

- आफूले काममा लगाएको घरेलु सहायक, अन्य कामदार वा कर्मचारीले त्यस्तो कामको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैलाई हानी, नोक्सानी भएमा त्यसरी काममा लगाउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यसको दायित्व बेहोर्नुपर्छ।

- कामदार वा कर्मचारीको हेलचेक्र्याइँ वा बदनियतले गरेको काम वापतको दायित्व त्यस्तो कामदार वा कर्मचारीले बेहोर्नुपर्छ।



## घरमूलीले दायित्व बेहोर्नुपर्ने

- कुनै घरबाट कुनै किसिमको फोहोर मैला वा वस्तु फालेको कारणबाट कसैलाई कुनै किसिमको हानी, नोक्सानी भएमा सम्बन्धित घर मुली र घर परिवारमा मुख्य भई काम गर्ने मान्छेले दायित्व बेहोर्नुपर्छ।



## घर भत्किई हानी, नोक्सानी भएकोमा घरधनीले दायित्व बेहोर्नुपर्ने

- कुनै पनि घर निर्माण हुँदै गर्दा वा निर्माण भइसकेको घर पूरै अथवा आंशिक रूपमा भत्केर कसैलाई कुनै किसिमको हानी, नोक्सानी भएमा सम्बन्धित घरधनीले बेहोर्नुपर्छ।



## अनधिकृत प्रवेश

- कसैको सम्पत्तिमा अनाधिकृत प्रवेश गरेको कारणले भएको हानी, नोक्सानी बापत अनाधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व बेहोर्नुपर्छ।



## पशुले गरेको हानी, नोक्सानी बापत पशुधनीले दायित्व बेहोर्नुपर्नेः

- आफूले पालेको पशुले कसैलाई हानी, नोक्सानी पुऱ्याएमा त्यसको दायित्व पशुधनीले बेहोर्नुपर्छ।

तर निम्न अवस्थामा पशुधनीले दायित्व बेहोर्नु पर्दैन:

१) पशुधनीले सुरक्षात्मक उपाय अपनाई पशुलाई नियन्त्रणमा राखेको अवस्थामा,

२) नोक्सानी पुगेको व्यक्तिकै काम, त्रुटी वा हेलचेक्रयाइँबाट हानी, नोक्सानी पुग्न गएमा

# विवाह

## विवाह भनेको के हो ?



- विवाह पुरुष र महिलाबिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हो ।
- कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति, पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ। जुनसुकै किसिमबाट भएकोभए पनि विवाह भएपछि त्यस्तो वैवाहिकतालाई सार्वजनिक गर्नु वा गराउनुपर्दछ।

## विवाह गर्ने योग्यता




- विवाह हुनको लागि महिला र पुरुष हुनुपर्छ।
- महिला र पुरुष दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्दछ।
- महिला र पुरुषले एकअर्कालाई पति, पत्नीका रूपमा स्वीकार गरेको हुनुपर्छ ।तर विवाहको सहमति भए पनि द्विविवाह वा बहुविवाहलाई विवाहको मान्यता प्राप्त हुँदैन।
- महिला र पुरुष बिच हाडनातामा विवाह हुँदैन। आफ्नो वंशका सात पुस्तासम्मका सबै नातालाई हाडनाता सम्झनुपर्छ तर आफ्नो जातीय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नातासम्बन्ध रहेको हकमा भने विवाह गर्न वा गराउन सकिन्छ।
- महिला वा पुरुषले वैवाहिक सम्बन्ध कायम रहिरहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन।
- विवाह दर्ता गराउनुपर्दछ, तर दर्ता नगराएको कारणले मात्र त्यस्तो विवाहले कानूनी मान्यता नपाउने भन्ने हुँदैन।

## विवाह बदर गराउन सकिने अवस्था

◆ निम्न कुराहरू झुक्याई विवाह गरे वा गराएमा विवाह बदर गराउन सकिन्छ:-

क. शरीरमा मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु एच आई भी वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागको,

ख. यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित रहेको,

ग. पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठ रोगी भएको,

घ. होस ठेगानमा नरहेको,

ङ. विवाह भैसकेको,

च. गर्भवती भएको,

छ. नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको।

## शारीरिक सम्पर्कबाट शिशु जन्मेमा विवाह भएको मानिन्छः

◆ कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिलाबीच स्वत: विवाह भएको मानिन्छ ।



तर जवरजस्ती करणी वा हाडनाता करणी बाट शिशु जन्मिएमा तथा कानूनबमोजिम विवाह गर्ने उमेर पूरा नभई वा बहुविवाह कायम हुने अवस्था भएमा शिशु जन्मिएको भए पनि पुरुष र महिलाबीच स्वत: विवाह भएको मानिँदैन ।

## सम्बन्ध विच्छेद

पति, पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पतिपत्नीको सम्बन्धविच्छेद गर्न सक्छन्।




## मञ्जुरी नभए पनि सम्बन्धविच्छेद गर्न सकिने



- कानूनबमोजिम अंश लिई वा मानो छुट्टिई पति र पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको र पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- पत्नी वा पतिले एक अर्कालाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पति वा पत्नीले एक अर्काको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पत्नीले अन्य पुरुषसँग र पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा।
- पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।

## सम्बन्धविच्छेद गर्नुअघि अंशबन्डा गर्नुपर्ने



- पतिको कारणबाट पति पत्नीबीच सम्बन्धविच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्धविच्छेद गर्नु अघि पति पत्नी बीच अंशबन्डा गर्न लगाउनु पर्छ।
- पति पत्नी दुवैको नाममा वा पति पत्नीमध्ये कुनै एकको नाममा सम्पत्ति रहेछ भने सम्बन्धविच्छेद हुनुअघि निजहरू बीच अंशबन्डा गर्नु पर्छ।
- पतिले नै बाबु वा अन्य अंशियारबाट अंश लिई नसकेको भए अदालतले सबैलाई अंश छुट्याई अंशबन्डा गराई दिन्छ ।तर पत्नीले आफ्ना पतिको भागबाट मात्र अंश पाउँछ।
- अंशबन्डा गर्दा लामो समय लाग्ने देखिएमा अदालतले पति, पत्नीबीच सम्बन्धविच्छेद गरी अंशबन्डा नभएसम्मको लागि पतिको सम्पत्ति र आयस्ताको आधारमा पतिबाट पत्नीलाई मासिक खर्च भराई दिन सक्छ।
- पत्नीको कारणले सम्बन्धविच्छेद भएका अवस्थामा भने अंश दिन वा खर्च भर्न पति बाध्य हुँदैन ।

# सम्बन्धविच्छेदपछि छोराछोरीको जिम्मा कसको हुन्छ ?




- पति, पत्नीबीच सम्बन्धविच्छेद हुँदा वा भिन्न हुँदाका बखत नाबालक छोराछोरी जिम्मा लिने सम्बन्धमा छुट्टै सहमति भएको भए छोराछोरीको जिम्मा त्यसैअनुसार हुन्छ। त्यस्तो सहमति नभएमा पाँच वर्ष उमेर पूरा नभएको नाबालक भए आमाले अर्को विवाह गरेको भए वा नभएपनि निजले चाहेमा आमाको जिम्मामा, पाँच वर्षभन्दा माथिको नाबालक भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा निजको जिम्मामा, दश वर्ष उमेर पूरा गरिसकेको नाबालक बाबु वा आमा कसको जिम्मा रहने हो भन्ने निर्णय गर्दा सम्बन्धित नाबालकको राय लिन सकिन्छ।



- नाबालक जिम्मा लिएको आमा वा बाबुले आफूले जिम्मा लिएको नाबालकको हेरचाह र स्याहार, सम्भार गर्नुपर्छ, नाबालक जिम्मा लिने आमा वा बाबुको भन्दा जिम्मा नलिने आमा वा बाबुको आम्दानी बढी रहेछ भने त्यस्तो आमा वा बाबुले त्यस्तो नाबालकको पालनपोषण, शिक्षा र उपचारका लागि त्यस्तो आमाबाबुको सहमति बमोजिमको र त्यसरी सहमति हुन नसकेमा अदालतले तोकेबमोजिमको खर्च त्यस्तो नाबालकलाई उपलब्ध गराउनुपर्छ।

- आमाको जिम्मा रहेको नाबालकलाई बाबुसँग र बाबुको जिम्मा रहेको नाबालकलाई आमासँग समयसमयमा भेट गर्न वा आमा, बाबुको सहमतिमा केही अवधिको लागि साथमा रहन दिनुपर्छ।



- कुनै सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खान, लाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्धविच्छेद भएको पतिको आम्दानीको आधारमा खाने लगाउने खर्च भराई दिन सक्नेछ तर त्यस्ती पत्नीले अर्को विवाह गरेमा वा पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा त्यस्तो खर्च दिनुपर्ने अवस्था हुँदैन।

# आमाबाबु र छोराछोरी

## मातृत्व वा पितृत्व निर्धारण गर्ने आधार




◆ कुनै पनि व्यक्तिको मातृत्व वा पितृत्व निर्धारण गर्नु पर्दा निज जन्मिदा निजको आमा वा आमाको पति को थियो भन्ने आधारमा गरिन्छ ।

उदाहरणका लागि, छोरा राम र छोरी गीताको मातृत्व वा पितृत्व निर्धारण गर्दा निजको आमा सीता वा सीताका पति हर्कबहादुरको आधारमा गरिन्छ। पितृत्व निर्धारण गर्दा अन्यथा प्रमाणित भएकोमा बाहेक त्यस्तो व्यक्ति जन्मदाका बखत निजको आमाको पति रहेको व्यक्ति निजको बाबु भएको अनुमान गरिन्छ। विवाह भएको मितिबाट एक सय असी दिनपछि जन्मिएको शिशु र पति र्हकबहादुरको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुई सय बहत्तर दिनभित्र सीताबाट जन्मिएको शिशु हर्कबहादुरकै सन्तान हो भन्ने मानिन्छ वा अनुमान गरिन्छ।

◆ आमा सीता वा बाबु हर्कबहादुरले, र कुनै अवस्थामा संरक्षक वा माथवरले मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्न सक्छन्। आमा बाबुको वैवाहिक सम्बन्ध अन्त्य भएको वा कानूनबमोजिम भिन्न बसेकोमा नाबालक जिम्मा लिने आमा वा बाबुले सो अख्तियारी प्रयोग गर्न सक्छन्।

## मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्नेको दायित्व, अधिकार र जिम्मेवारी के के हुन् ?

◆ छोरा राम र छोरी गीताको आमा बाबुले संयुक्त रूपमा हेरचाह र स्याहार, सम्भार गर्नु पर्दछ।शारीरिक वा मानसिक रूपले अशक्त वा अपाङ्ग भएमा त्यस्तो छोरा छोरी उपर विशेष निगरानी राखी निजलाई विशेष सहुलियत र संरक्षण प्रदान गर्नु पर्दछ। आमा बाबुले छोरा, छोरी वा छोरा, छोरा वा छोरी ,छोरी बीच कुनै किसिमको भेदभाव गर्नु हुदैन।

◆ आमा बाबुले छोरा, छोरीलाई खान, लगाउन दिनुका साथै परिश्रम गर्न सिकाउनुपर्छ, उनीहरुलाई स्नेह, अनुराग तथा माया दिनुपर्छ, सामाजिक मर्यादा, शिष्टाचार, सदाचार, नैतिकता, संस्कार, संस्कृति र रहन, सहन सिकाउनु, बुझाउनु र सोअनुसार आचरण गर्न लगाउनुपर्छ तथा शारीरिक, मानसिक तथा बौद्धिक व्यक्तित्व विकासका लागि आवश्यक पर्ने अन्य जुनसुकै काम गर्नुगराउनुपर्छ।

## अदालतले मातृक तथा पैत्रिक अख्तियारीमा कहिले रोक लगाउन सक्छ ?



- आमाबाबुले छोराछोरीलाई क्रूर, अमानवीय वा यातनापूर्ण सजाय दिएमा, पटकपटक उपेक्षा वा हेला गरेमा वा दुरुपयोग गरेमा, अनैतिक वा यौनजन्य पेसा, जीउ, ज्यान वा स्वास्थ्यमा खतरा हुन सक्ने काममा लगाएमा, निजको हीतविपरीत निजको सम्पत्ति खर्च गरी हानी, नोक्सानी गरेमा, धार्मिक वा सांस्कृतिक रीतिस्थितिको पालना गर्दाको अवस्थामा बाहेक निजलाई भिक्षा माग्ने, कानूनबमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाएमा अदालतले मातृक तथा पैत्रिक अख्तियारीमा रोक लगाउन सक्छ।




- आमा वा बाबुको सहमतिविना छोरा, छोरीले आमा, बाबुबाट भिन्न बस्नु हुँदैन तर राम र सीताको उमेर अठार वर्ष पूरा भएमा, रोजगारी प्राप्त गरी भिन्न बसेमा उनीहरुको मातृक तथा पैत्रिक अख्तियारीको अन्त्य हुन्छ तर, कुनै छोरा, छोरी शारीरिक वा मानसिक रूपले अशक्त भएकोमा निजले विवाह गरी भिन्न बसेको अवस्थामा बाहेक निजउपरको मातृक तथा पैत्रिक अख्तियारीको अन्त्य हुँदैन।
- छोराछोरीको जन्म दर्ता जन्मिएको तीन महिनाभित्र गर्नुपर्दछ।

# धर्मपुत्र र धर्मपुत्री




विष्णु १२ वर्षकी नाबालिका हुन्। उनलाई श्यामबहादुर र गोमाले धर्मपुत्री बनाउन खोजेका छन्।

## कस्तो व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राख्न सकिन्छ ?

- कुनै पनि नेपाली नागरिकले १४ वर्ष उमेर पूरा नभएसम्मको बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिन वा दिन सक्छ, तर आमाबाबुको एउटा मात्र छोरा वा छोरीको रूपमा रहेको बालबालिका भए धर्मपुत्र वा धर्मपुत्री लिनदिन मिल्दैन।
- बाबु र आमा दुवैको मृत्यु भई कसैको संरक्षणमा नरहेको र बालगृहमा कम्तीमा छ महिना बसेका अनाथ बालबालिका र स्वेच्छाले त्यागेका बालबालिका, विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिन सकिन्छ ।
- कुनै पनि स्वदेशी वा विदेशी व्यक्तिले एक पटक धर्मपुत्र वा धर्मपुत्री राखेपछि त्यस्तो दम्पतीबाट अरु सन्तान जन्मे पनि धर्मपुत्र वा धर्मपुत्रीको कानूनी हैसियत प्राकृतिक सन्तान सरहकै हुन्छ।
- धर्मपुत्र वा धर्मपुत्री राख्नका लागि धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्ति र धर्मपुत्र वा धर्मपुत्री बस्ने व्यक्तिबीचको उमेरको अन्तर २५ वर्षको हुनुपर्छ।




उदाहरणका लागि:- विष्णुको उमेर र श्यामबहादुरका दम्पतीको उमेरबिच २५ वर्षको अन्तर हुनुपर्छ ।

## धर्मपुत्र वा धर्मपुत्री राख्नको लागि योग्यता

- धर्मपुत्र वा धर्मपुत्री राख्न चाहने दम्पतिले विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरीको जायजन्म नभएको हुनुपर्दछ,
- पैँतालीस वर्ष उमेर पूरा भएकी अविवाहिता, विधवा, सम्बन्धविच्छेद वा न्यायिकपृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला हुनुपर्छ,
- पैँतालीस वर्ष उमेर पूरा भएको अविवाहित, विधुर, सम्बन्धविच्छेद वा न्यायिकपृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुष हुनुपर्छ।
- विदेशीलाई नेपाली नागरिक वा नेपालमा बसोबास गरेको विदेशीको कुनै बालबालिका धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न योग्य हुन विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नभएको दम्पति, पैँतालीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेकी अविवाहित, विधवा, सम्बन्धविच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला, पैँतालीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेको अविवाहित, विधुर, सम्बन्धविच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुषमध्ये हुनुपर्छ।



# धर्मपुत्र वा धर्मपुत्री राख्नको कानून बमोजिम पुऱ्याउनु पर्ने रीत




- स्वदेशभित्रै धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा बालबालिकाको अभिभावक र संस्थासँग अनुमति लिएर धर्मपुत्र वा धर्मपुत्रीको लिखतसहित सम्बन्धित अदालतमा निवेदन दिनुपर्छ।
- विदेशमा धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा, अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री बोर्डसमक्ष तोकिएको कागजात सहित निवेदन दिनुपर्छ।

# धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको दायित्व

- धर्मपुत्र वा धर्मपुत्रीलाई छोरा वा छोरीसरह आफ्नो इज्जत र क्षमताअनुसार पालनपोषण, स्वास्थ्य, खेलकुद, मनोरञ्जन तथा उचित शिक्षाको व्यवस्था गर्ने,
- धर्मपुत्र वा धर्मपुत्रीको हक र हितको संरक्षण गर्ने,
- मात्रिक तथा पैत्रिक अख्तियारी प्रयोग गर्ने।



# धर्मपुत्र वा धर्मपुत्रीको दायित्व

- धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिलाई आफ्ना बाबु, आमासरह इज्जत तथा क्षमता अनुसार पालनपोषण, स्वास्थ्य तथा हेरचाहको व्यवस्था गर्ने,
- धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको सम्पत्तिको संरक्षण, हेरविचार तथा उचित व्यवस्थापन गर्ने, धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको हक र हितको संरक्षण गर्ने ।

नोट:

- धर्मपुत्र वा धर्मपुत्रीको हक, अधिकार, दायित्व र जिम्मेवारी धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको छोरा वा छोरीसरह हुनेछ, कसैले कुनै व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राखिसकेपछि निजको छोरा वा छोरी जन्मिए पनि त्यस्ता धर्मपुत्र वा धर्मपुत्रीको छोरा वा छोरीसरहको हैसियतमा कुनै असर पर्दैन ।
- धर्मपुत्र वा धर्मपुत्री भएको व्यक्तिले आफूलाई जन्माउने बाबु, आमाको अंशमा दाबी गर्न पाउँदैन तर धर्मपुत्र वा धर्मपुत्री बदर भएकोमा आफूलाई जन्माउने बाबुआमाको अंशमा दाबी गर्न पाउँछ। धर्मपुत्र वा धर्मपुत्री हुँदाका बखत निजले अंश लिइसकेको भए निजले त्यस्तो सम्पत्तिसमेत लिन पाउँछ।

# संरक्षक र माथवर

## कसलाई संरक्षक मानिन्छ ?

असक्षम वा अर्धसक्षम व्यक्तिको हक, हितको संरक्षण गर्न कानुनबमोजिम नियुक्त भएको वा दायित्व भएको व्यक्तिलाई संरक्षक मानिन्छ।







### असक्षम व्यक्ति

दश वर्ष उमेर पूरा नभएको वा दश वर्ष उमेर पुगेको भए पनि होस ठेगानमा नरहेको कारण आफ्नो हक र हितको संरक्षण गर्न नसक्ने व्यक्तिलाई कानूनले असक्षम व्यक्ति मान्दछ। ९ वर्षको प्रतीक थापा असक्षम व्यक्ति हुन्।

### अर्धसक्षम व्यक्ति

दश वर्ष पूरा भई अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई कानूनले अर्धसक्षम व्यक्ति मान्दछ। १६ वर्षकी निश्चला के.सी. अर्धसक्षम व्यक्ति हुन्।

## कस्ता व्यक्ति संरक्षक हुन्छन् ?






- असक्षम वा अर्धसक्षम व्यक्तिको कानूननबमोजिम प्राथमिकताक्रमको नातेदार स्वत: संरक्षक हुन्छन्।
- प्रतीक थापाको अन्य संरक्षक नभएर उनी बालबालिकाको कल्याण गर्ने तथा हक हित संरक्षण गर्ने उद्देश्यले कानूनबमोजिम स्थापित संस्थामा रहेको अवस्थामा त्यस्तो संस्थालाई नै उनको संरक्षक मानिन्छ।




◆ कुनै असक्षम वा अर्धसक्षम व्यक्तिका लागि कुनै व्यक्ति संरक्षक हुन नचाहेको अवस्थामा सम्बन्धित वडा समिति वा सरोकारवालाले संरक्षक नियुक्त गर्न अदालतमा निवेदन दिएमा अदालतले संरक्षक नियुक्त गरिदिन्छ।

◆ कानून बमोजिम वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिको नाबालक भए निजलाई पालनपोषण गर्ने बाबु वा आमा संरक्षक हुन्छन्।



◆ निश्चला के. सी. मानसिक रूपमा स्वस्थ भएको र दश वर्ष उमेर पूरा गरेको हुनाले उनको संरक्षक उनले रोजेको व्यक्तिलाई अदालतले उनको संरक्षक प्रमाणित गरिदिन सक्छ।

## कस्तो व्यक्ति संरक्षक हुन सक्दैन ?

निम्न प्रकारको व्यक्ति संरक्षक हुन सक्दैन:-




◆ असक्षम वा अर्धसक्षम व्यक्ति,



◆ असक्षम वा अर्धसक्षम व्यक्तिको हक वा हितविपरीत काम गरेको प्रमाणित भएको व्यक्ति,



◆ प्राथमिकताक्रममा रहेका नाताभित्रको नभएमा अदालतबाट तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको व्यक्ति,


◆ अदालतबाट संरक्षक हुन अयोग्य देखिएको व्यक्ति।

## संरक्षकको दायित्व के हुन्छ ?



- आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिको पालनपोषण, स्वास्थ्य, शिक्षा, मनोरञ्जन तथा हेरविचारको व्यवस्था निजको सम्पत्ति भए त्यस्तो सम्पत्तिबाट र त्यस्तो सम्पत्ति नभए आफ्नो सम्पत्तिबाट गर्ने,
- संरक्षकत्वमा रहेको व्यक्तिको सम्पत्तिको रेखदेख तथा संरक्षण गर्ने र पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेर विचार गर्दा लागेको खर्च तथा निजको सम्पत्ति व्यवस्थापन गर्दा भएको आयव्ययको हिसाबकिताब र सम्पत्तिको स्वामित्व प्रमाणित गर्ने, विवरण दुरुस्त राख्ने।

## कस्तो अवस्थामा संरक्षकत्वको समाप्ति हुन्छ ?




- संरक्षकले आफू संरक्षक हुन नसक्ने भनी दिएको निवेदन अदालतबाट स्वीकृत भएमा,



- संरक्षक वा संरक्षकत्वमा रहेको असक्षम वा अर्धसक्षम व्यक्तिको मृत्यु भएमा,




- असक्षम वा अर्धसक्षम व्यक्ति सक्षम भएमा,



- संरक्षकत्वमा रहेको असक्षम वा अर्धसक्षम व्यक्तिको अनुरोधमा अदालतले संरक्षकलाई हटाएमा।

# माथवर

## कस्तो अवस्थामा माथवर नियुक्त गरिन्छ ?

कानून नबमोजिम संरक्षकको संरक्षण रहनुपर्ने असक्षम, अर्धसक्षम वा होस ठेगानमा नरहेको व्यक्तिको कोही संरक्षक नभएमा अर्को कुनै व्यक्ति निजको माथवर बन्न सक्छ। उदाहरणका लागि, यदि निश्चला के.सी. (असक्षम, अर्धसक्षम वा होस ठेगानमा नभएको) को कोही संरक्षक छैन भने अर्को कुनै व्यक्ति उसको माथवर बन्न सक्दछ।



- निश्चलाका अभिभावक भए तापनि उनको आमाबाबुले उनको पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेरविचारका लागि कुनै व्यक्तिलाई निश्चलाको माथवर नियुक्त गर्न सक्छन्।

- कुनै व्यक्तिको संरक्षक नभएमा वा कुनै व्यक्तिले पनि निजको माथवरको रूपमा काम नगरेमा स्थानीय तहको सम्बन्धित वडा समितिले त्यसको विवरण खुलाई माथवर नियुक्त गर्न अदालतसमक्ष निवेदन दिनुपर्छ । यस्तो निवेदन परेमा माथवर बनाउन प्रस्तावित व्यक्तिहरूमध्येबाट उपयुक्त कुनै एक व्यक्तिलाई माथवर नियुक्त गर्ने गरी अदालत आदेश दिन्छ ।

## माथवरका दायित्वहरु के के हुन्छन् ?

- संरक्षकले पुरा गर्नुपर्ने सबै दायित्वहरू माथवरका दायित्व हुन्छन् तर माथवरले संरक्षकले जस्तो आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिको सम्पत्ति लगानी गरी कुनै व्यवसाय वा कारोबार गर्न भने पाउँदैन/सक्दैन।
- माथवरले आफूले जिम्मा लिएको सम्पत्तिबाट प्राप्त भएको प्रतिफल माथवरीमा रहेको व्यक्तिको पालनपोषण, स्वास्थ्य तथा त्यस्तो व्यक्ति नाबालक भए शिक्षा दक्षाको लागि पूरै खर्च गर्न सक्छ। चल सम्पत्तिबाट नभ्याउने रहेछ भने त्यस प्रयोजनको लागि अचल सम्पत्ति वा त्यसको कुनै अंश बिक्री गर्न त्यसको कारण खुलाई अनुमतिको लागि अदालतमा निवेदन दिएमा अदालतले उचित ठानेबमोजिम अचल सम्पत्ति वा त्यसको कुनै अंश बिक्री गर्न अनुमति दिन सक्छ।




नोट: माथवरी अन्त्य भएकोमा माथवरको हैसियतमा जिम्मा लिएको सम्पत्ति माथवर भएको व्यक्तिले तुरुन्त सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्छ।

# पारिवारिक अंशबन्डा

## हर्कबहादुरको परिवार

हर्कबहादुरको पाँच जनाको परिवार छ। हर्कबहादुरको पत्नीको नाम सीता हो। उनीहरूका दुई छोरी एक छोरा छन्। छोराको नाम राम र छोरीहरूको नाम गीता र रीता हो। रीता विवाहित छोरी हुन्। हर्कबहादुरकी पत्नी अहिले गर्भवती अवस्थामा पनि छिन्।





नोट:
विवाहित छोरी रीता पनि समान अंशियार हुन्।

### हर्कबहादुरका अंशियार



पत्नी (सीता), छोरा (राम), छोरी (गीता), विवाहित छोरी (रीता), गर्भमा रहेको शिशु र आफू (हर्क) हर्कबहादुरका अंशियार हुन्।

## केकेमा अंश लाग्दछ ?



हर्कबहादुरका परिवारको सगोलको सम्पत्ति (अंशबन्डा नभएका घरजग्गा, चल अचल सम्पत्ति)



प्रत्येक अंशियारलाई सगोलको ऋण तिर्ने दायित्व बराबर हुन्छ।

## अंशबन्डा कसरी हुन्छ ?

अंशबन्डाको लिखतद्वारा सगोलको सम्पत्ति अंशबन्डा गर्न सकिन्छ।
अंशबन्डा निम्न तरिकाबाट गर्न सकिन्छः-



सहमतिद्वारा



गोलाप्रथाद्वारा




मुद्दाद्वारा

## कस्तो अवस्थामा अंश लिन सकिन्छ ?

- हर्कबहादुरले सीतालाई वा सीताले हर्कबहादुरलाई घरबाट निकाला गरिदिएमा वा हर्कबहादुरले सीतालाई वा सीताले हर्कबहादुरलाई शारीरिक वा मानसिक यातना दिएमा हर्कबहादुर वा सीताले जहिले सुकै आफ्नो अंशभाग लिई भिन्न हुन सक्छन्।

- हर्कबहादुर र सीताको कानूनबमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने भएमा वा वैवाहिक सम्बन्ध अन्त्य भएमा पनि हर्कबहादुर र सीताबाट जन्मिएका राम र गीतालाई अंसियार मानिन्छ।

- सगोलमा बसेका दाजुभाइका छोराछोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउँछन्, अंश नहुँदै हर्कबहादुरको मृत्यु भएमा हर्कबहादुरले पाउने अंश पत्नी सीता वा छोरा राम र छोरी गीताले पाउँछन्, हर्कबहादुरका एकभन्दा बढी पत्नीहरू र छोराछोरी भएका भए उनीहरूले पनि हर्कबहादुरका भागबाट मात्र अंश पाउँछन्।


- अंशबन्डा गर्दा धनजस्तै ऋण पनि बराबर बाँडिन्छ/बाँड्नुपर्छ साहूको मञ्जुरी नलिई कुनै अंशियारले मात्र सगोलको ऋण तिर्ने गरी अंशबन्डा गर्न सकिँदैन।



# अपुताली

## अपुताली भनेको के हो ?

अपुताली भन्नाले मृतकको ऋण, धन र सम्पत्तिसम्बन्धी दायित्व र अधिकार कानूनबमोजिम हकवालामा सर्ने कार्यलाई बुझिन्छ। अंश हकमा नातालाई हेरिन्छ भने अपुतालीमा नजिकको नातावाला नै हुनु पर्दछ भन्ने हुदैन। स्याहारसम्भार गर्ने व्यक्तिले पनि अपुताली पाउन सक्दछ  वा कानूनले कायम गरेको मर्नेको अरू हकवालाले पनि अपुताली प्राप्त गर्न सक्दछ। हकवालाको प्राथमिकताक्रम कानूनले निर्धारण गरेको हुन्छ।




## अपुताली कहिले खुला भएको मानिन्छ ?

कुनै व्यक्तिको मृत्यु भएमा निजको अपुताली खुला भएको मानिन्छ।

## अपुताली कसले पाउँदछ ?

अपुताली पाउने नजिकको हकवालाको प्राथमिकताक्रम निम्नबमोजिम हुन्छः-

१. सगोलको पति वा पत्नी
२. सगोलको छोरा, छोरी, विधवा बुहारी,
३. सगोलको बाबु, आमा, सौतेनी आमा, छोराछोरीतर्फका नाति, नातिनी, नातिनी बुहारी
४. भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा,
५. भिन्न भएका छोरातर्फका नाति, नातिनी,
६. भिन्न भएका बाजे, बज्यै,
७. सगोलका जिजुबाजे, जिजुबज्यै, दाजु, भाई,  दिदी, बहिनी, विधुवा भाउजु वा भाई बुहारी,
८. सगोलका काका, काकी, भतिजा, भतिजी,
९. भिन्न भएका दाजु, भाई, दिदी, बहिनी, विधुवा भाउजु वा भाइबुहारी।



- एउटै प्राथमिकताक्रमका एकभन्दा बढी हकवाला भएमा निजहरू सबैले समान रूपमा अपुताली पाउँछन्।
- नजिकको हकवालाले स्याहार सम्भार नगरेमा स्याहार सम्भार गर्ने व्यक्तिले अपुताली पाउँदछ।
- कुनै व्यक्तिको अपुताली लिने कोही नभएमा वा नलिएमा त्यस्तो सम्पति सम्बन्धित स्थानीय तहको हुन्छ।
- कुनै व्यक्तिले अपुताली अस्वीकार गर्न सक्छ, त्यस्तो गरेमा अपुताली परेको तीन वर्षभित्र त्यस्तो कुराको जानकारी सम्बन्धित जिल्ला अदालतलाई लिखित रूपमा दिनुपर्छ।

## अपुताली कसले पाउँदैन ?

कसैले रिस इबी वा अपुताली पाउने बदनियतले कसैको ज्यान लिएमा वा लिन लगाएमा त्यसरी ज्यान लिने वा लिन लगाउने व्यक्ति र निजको हकवालाले मृतक वा निजको हकवालाको अपुताली पाउँदैन।



## अपुताली पाउने व्यक्तिको दायित्व तथा अधिकार

अपुताली पाउने व्यक्तिले निम्न दायित्व पूरा गरेको हुनुपर्दछ:-



१. मृतकको रीत, परम्पराअनुसार सद्गत तथा किरिया गर्नु वा गराउनुपर्ने,

२. मृतकले लिएको ऋण साहूलाई भुक्तानी गर्नुपर्ने (तर मृतकको सम्पत्तिभन्दा बढीको ऋण तथा दायित्व अपुताली पाउने व्यक्तिले तिर्न बाध्य हुँदैन), र

३. मृतकले दिएको ऋण तथा लगानी गरेको सम्पत्तिमाथि अपुताली पाउनेको अधिकार हुन्छ।

## उजुरी गर्ने हदम्याद

अपुताली खुला भएको मितिले तीन वर्षभित्र जिल्ला अदालतमा उजुरी दिनुपर्दछ।



# घर बहाल–१

## घर भन्नाले के बुझिन्छ ?



घर भन्नाले कुनै घर (भवन), घर/भवनको तल्ला, कोठा वा त्यस्तो घर/भवनले चर्चेको जग्गा वा घरको वरिपरीको जमिन पर्दछन्।

## घरबहाल भन्नाले के बुझिन्छ ?



- कसैले आफ्नो हक, भोग वा स्वामित्वमा रहेको घर/भवन सम्झौताबमोजिम तोकिएको रकम लिने गरी निश्चित समयको लागि अर्को कुनै व्यक्तिलाई उपयोग गर्न दिएमा बहालमा दिएको मानिन्छ ।

# घरधनीको दायित्व र अधिकार

## दायित्व

- बहालमा बस्ने व्यक्तिलाई सम्झौताबमोजिम घर उपयोग गर्न दिनुपर्ने,
- घरमा उपलब्ध भएसम्म पानी तथा बिजुलीको आपूर्ति र ढल निकास व्यवस्था गर्नुपर्ने,
- बसोबास गर्न असुरक्षित घर बहालमा दिनु हुँदैन।
- बहालमा दिँदा त्यस्तो घरमा त्रुटी छन् भने सोको विवरण बहालमा लिनेलाई दिनुपर्दछ।
- अन्य व्यक्ति बाट असुरक्षा, हैरानी वा अशान्ति हुनबाट रोकनुपर्छ।
- बहालमा दिएको घरको कर तथा अन्य दस्तुर तिर्ने बुझाउने ।



## अधिकार

- घरधनीले सम्झौतामा उल्लिखित समयमा बहालवालासँग घरभाडा दाबी गर्न पाउँछ,
- घरधनीले पूर्व सूचना दिएर बहालमा दिएको घरको निरीक्षण गर्न पाउँछ,
- घरधनीले बहालमा बसेको व्यक्तिलाई घरबाट हटाउनुपरेमा कम्तीमा पैंतीस दिनको अग्रिम लिखित सूचना दिएर हटाउन सक्छ ।



विस्तृत जानकारीको लागि
घर बहाल–२को पर्चा हेर्नुहोला ।

# घर बहालमा लिने व्यक्तिको दयित्व र अधिकार

## दायित्व

- निर्धारित समयमा घरधनीलाई बहालको रकम भुक्तानी गर्नुपर्ने,
- बहालमा लिएको घर आफ्नो घरसरह मानी  सरसफाइ, उचित र मनासिब तवरले हेरचाह, संरक्षण तथा सुरक्षा गर्नुपर्ने,
- आफू बहालमा रहेको घरका अन्य व्यक्ति वा छिमेकीलाई अशान्ति, हैरानी वा असुरक्षा हुनेजस्ता कुनै कम गर्न नहुने ।



## अधिकार

- बहालमा लिने व्यक्तिले सम्झौतामा उल्लिखित समयको लागि र आफूलाई चाहिएअनुसार भाडामा लिएको घर प्रयोग र सदुपयोग गर्न पाउँछ,

- देहायको अवस्थामा बहालमा लिने व्यक्तिले कम्तीमा पैंतीस दिनअगाडि नै सूचना दिएर घर बहाल अवधि सकिनुभन्दा अगाडि नै घर छाड्न पाउँछ,
  - क) घरधनीले आफ्नो दायित्व पूरा नगरेमा,
  - ख) बहालवालाले जुन कामको लागि घर बहालमा लिएको हो अब त्यस्तो कामको लागि घर नाचाहिने भएमा,
  - ग) घरधनीले सम्झौत्ताविपरीत कुनै काम गरेमा।
  - घ) घरधनीसँगको सम्झौतामा आफूले बहालमा लिएको घर वा कुनै अंश अन्य व्यक्तिलाई पुन: बहालमा दिने कुरा उल्लेख भएको छ भने घरबहालमा लिने व्यक्तिले अन्य व्यक्तिलाई सम्झौता बमोजिम बहालमा दिन सक्दछ ।

# घरको मर्मत तथा सम्भार

## घर बहालमा लिने व्यक्तिको दायित्व

- बहालमा लिएको घर आफ्नो घरसरह मानी  सरसफाइ, उचित र मनासिब तवरले हेरचाह, संरक्षण तथा सुरक्षा गर्ने दायित्व बहालवालाको हुन्छ।
- घरधनीको लिखित स्वीकृति विना घरको संरचना हेरफेर गर्नु हुँदैन ।
- बहालमा लिएको घरको मर्मत तथा सम्भारको जिम्मा सामान्यत: बहालमा लिने व्यक्तिकै हुन्छ (सम्झौतामा घरधनीले नै मर्मत गर्ने उल्लेख भएमा बाहेक)।
- घरको बिमा गराउनुपर्ने दायित्व: औद्योगिक/ व्यावासयिक प्रयोजनको लागि घर बहालमा लिने व्यक्तिले त्यस्तो घरको बिमा गराउनुपर्दछ ।

## घरधनीको दायित्व

- बहालमा लिएको घरको मर्मत तथा सम्भारको जिम्मा सम्झौतामा उल्लेख भएमा बहालमा दिने व्यक्तिको दायित्व हुनेछ।
- सम्झौतामा बहालमा लिएको घरको मर्मत, सम्भार घरधनीले गर्ने कुरा उल्लेख भएमा र बहालमा लिएको कुनै घरको मर्मत, सम्भार गर्नुपर्ने भएमा बहालमा लिने व्यक्तिले समयमानै घरधनीलाई लिखित सूचना दिनुपर्छ।
- घरको मर्मत सम्भार गर्दा लागेको बीलबमोजिमको रकम बहालमा बस्ने व्यक्तिले घर धनीलाई दिनुपर्ने बहाल रकमबाट कटाई लिन पाउँछ।
- घरको मर्मत सम्भार गर्दा लागेको बीलबमोजिमको रकम बहालमा बस्ने व्यक्तिले घर धनीलाई दिनुपर्ने बहाल रकमबाट कटाई लिन पाउँछ।
- घरको मर्मत, सम्भार गर्दा घरधनी र बहालवालाबिच त्यस सम्बन्धमा छुट्टै सहमति भएकोमा बाहेक मर्मत, सम्भार गर्नुअघि बहालमा लिने व्यक्तिले मर्मत, सम्भारको लागत अनुमान तयार गरी घरधनीलाई पन्ध्रदिन अगावै लिखित जानकारी गराउनुपर्छ।

## मालसामान वा वस्तुको विवरण

- घरधनीले आफ्नो घर बहालमा दिनुअघि बहालमा दिने घरमा रहे, भएका मालसामान वा वस्तुको विवरण तयार गर्नुपर्छ ।
- तयार गरिएको विवरणमा उल्लिखित मालसामान वा वस्तु बहालमा लिने व्यक्तिले प्रयोग गर्ने भएमा त्यस्तो मालसामान वा वस्तु बुझी, त्यसको भरपाई घरधनीलाई दिनुपर्छ ।
- बहालमा लिने व्यक्तिले आफूले लिएको घर, बहालबाट छाड्दा आफ्नो जिम्मामा रहेको मालसामान वा वस्तु गन्ती गरी तथा घर सफा वा रङ्गरोगन गर्नुपर्ने भए सो समेत गरी घरधनीलाई दुरुस्त बुझाउनुपर्छ।तर दैनिक प्रयोग गर्दा खिइने वा नष्ट हुने मालसामान वा वस्तुको शोधभर्ना गर्न वा त्यस्तो मालसामान वा वस्तुको रकम दिन बहालमा लिने व्यक्ति बाध्य हुँदैन।



घरबहाल सम्झौता तयार गर्दा चाहिने आवश्यक कुराहरू, घर बहालको सम्झौता समाप्ति र घर खाली गराउने सम्बन्धी विस्तृत जानकारीको लागि घर बहाल–२को पर्चा हेर्नुहोला ।


# घर बहाल–२

## घरबहाल सम्झौता तयार गर्दा चाहिने आवश्यक कुराहरू केके हुन् ?

- घर बहालमा दिँदा घरधनीले घर बहालमा लिनेवालासँग घरबहाल सम्झौता गर्नुपर्दछ तर मासिक बीसहजार रुपैयाँभन्दा कम रकममा घरबहालमा दिँदालिँदा भने लिखित सम्झौता गर्नुपर्ने बाध्यता हुँदैन।

## घरबहाल सम्झौता तयार गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्दछः–

- घर बहाल लिने र दिने व्यक्तिको पूरा नाम र ठेगाना, नागरिकता नम्बर र विदेशी भए राहदानी वा परिचय खुल्ने प्रमाणपत्र,
- घर रहेको ठाउँ र जग्गाको कित्ता नम्बर,




- बहालमा लिने प्रयोजन, (घर बहालको अवधि पाँच वर्षमा नबढाई सम्झौतामा उल्लेख गरे बमोजिम हुन्छ। व्यापारिक प्रयोजनका लागि घरबहाल दिएकोमा भने सम्झौतामा उल्लेख भएबमोजिम नै हुन्छ।)
- बहाल सुरु हुने मिति, बहाल कायम रहने अवधि, मासिक बहाल रकम, बहाल बुझाउने समय र प्रक्रिया, (प्रक्रियाबमोजिम बहाल बुझाउने सम्बन्धमा सम्झौतामा कुनै तरिका र प्रक्रिया उल्लेख नभएकोमा बहालमा लिने व्यक्तिले प्रत्येक महिना भुक्तान भएको सात दिनभित्र घरधनीलाई बहाल बुझाउनुपर्छ।)



- घरमा प्रयोग भएका बिजुली, खानेपानी, टेलिफोन आदिको महसुल बुझाउने दायित्व,
- घर बहाल कर भुक्तानी गर्ने कुरा,
- बहालमा लिएको घरको बिमा गर्नुपर्ने भए सोसम्बन्धी कुरा,
- बहालमा लिएको घर छाड्ने तथा बहालमा बसेको व्यक्तिलाई हटाउनेसम्बन्धी कुरा,

- बहालमा लिएको घर अन्य व्यक्तिलाई बहालमा दिन पाउने वा नपाउने कुरा,
- बहालमा दिएको घरको आवश्यक मर्मत, सम्भार गर्ने दायित्वको कुरा,
- बहालमा बस्ने व्यक्तिको फोटो र बहालमा दिनेलिने दुवैका कम्तीमा दुई जना साक्षीको सहीछाप।

## कस्तो अवस्थामा घरधनीले घर खाली गराउन सक्दछ ?

- घरबहालमा लिने व्यक्तिले सम्झौता बमोजिमको आफ्नो दायित्व पूरा नगरेमा
- बहालमा बस्ने व्यक्तिले बहालमा लिएको घरभित्र कानूनले निषेध गरेको कुनै कसूरजन्य क्रियाकलाप गरेमा,
- घरधनी आफैँलाई घर आवश्यक भएमा,
- घरबाट मानिस हटाई घरको मर्मत सम्भार गर्नु परेमा,
- प्राविधिक तथा स्वास्थ्यका दृष्टिले बहालमा दिएको घरमा मानिस बसोबास गर्न उपयुक्त नदेखिएमा,
- घर बहालको अवधि समाप्त भएमा,
- बहालमा बस्ने व्यक्तिले सम्झौता वा घरबहाल कानून विपरीत कुनै काम गरेमा,
- घरधनी आफैँलाई घर आवश्यक भएर बहालमा लिएको व्यक्तिलाई घरबाट हटाउनुपरेमा घरधनीले कम्तीमा पैँतीस दिनको अग्रिम लिखित सूचना दिनुपर्छ।यसरी घरधनीले बहालमा लिएको व्यक्तिलाई हटाएकोमा त्यस्तो घर आफूले प्रयोग नगरी तीन महिनासम्म अन्य व्यक्तिलाई बहालमा दिन पाउँदैन।




## कस्तो अवस्थामा घर बहालको सम्झौता समाप्त भएको मानिन्छ ?



- बहालमा लिने व्यक्तिले घर छाडेमा,
- घरधनीले बहालमा बस्ने व्यक्तिलाई घरबाट हटाएमा,




- बहालमा लिने, दिने व्यक्तिले आपसी सहमतिमा सम्झौता रद्ध गरेमा,
- घर बहालको अवधि समाप्त भएमा।

## घरधनीले घर खाली गराउन सक्ने

बहालमा लिएको व्यक्तिले बहालमा बस्दा सर्तबमोजिम काम नगरेमा, निजले बहालमा लिएको घरको सरसफाइ, संरक्षण वा सुरक्षा नगरेमा वा निजले बहालमा बस्ने अन्य व्यक्ति वा छिमेकीलाई हैरानी, दु:ख वा अशान्ति हुने कुनै काम गरेमा बहालमा दिने व्यक्तिले निजलाई जुनसुकै बखत घरबाट हट्ने सूचना दिन पाउँछ।

# घर खाली गराउने प्रक्रियाहरू

- घरबहालमा लिने व्यक्ति बिना सूचना तीन महिना वा सोभन्दा बढी अवधिसम्म बहाल रकम नबुझाई बेपत्ता भएमा र निजलाई सार्वजनिक रूपमा सूचना गर्दा वा निजको ठेगाना पत्राचार गर्दा पनि फेला नपरेमा, फेला परेपनि निज वा निजको कुनै हकवाला वा प्रतिनिधि उपस्थित नभएमा घरधनीले स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा त्यस्तो व्यहोराको निवेदन दिनुपर्छ,

- सम्बन्धित वडा कार्यालयले निवेदन परेको पन्ध्र दिनको सूचना दिई बहालवालालाई उपस्थित हुन सार्वजनिक सूचना गरेको अवधिभित्र पनि उपस्थित नभएमा वडा कार्यालयले बहालमा रहेको घर खोली मालसामान आफ्नो वा कुनै मानिसको जिम्मा रहने गरी घर खाली गराउन सक्छ,

- यसरी बेपत्ता भएको मानिस छ महिनाभित्र फर्की आएमा वा आफ्नो कुनै प्रतिनिधि पठाएमा सम्बन्धित वडा कार्यालयले बहाल बापतको बाँकी रकम लिई मालसामान निजलाई फिर्ता दिनुपर्छ,




- स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा निवेदन परेको एक महिनासम्म पनि त्यस्तो कार्यालयले कुनै कारबाही नगरेमा घरधनी आफैले सम्बन्धित वडा कार्यालय र नजिकको प्रहरी कार्यालयमा निवेदन दिई प्रहरी कर्मचारी र कम्तीमा दुई जना स्थानीय व्यक्तिलाई साक्षी राखी लिखत खडा गरी घर खोली निजको मालसामान प्रहरीको जिम्मा दिनुपर्नेछ।

- उल्लिखित कामकारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए, गरेको मितिले छ महिनाभित्र नालिस/उजुर गर्न पाउँछ।

घरधनी र घर बहालमा लिने व्यक्तिको दायित्व र अधिकार एवं घरको मर्मत तथा सम्भारसम्बन्धी विस्तृत जानकारीको लागि घर बहाल–१को पर्चा हेर्नुहोला ।

# दुष्कृति


## दुष्कृति भनेको के हो ?

दुष्कृति एक प्रकारको गल्ती हो जसमा कसैले कसैको निजी कानूनी अधिकार को उल्लङ्घन गरेको हुन्छ । त्यस्तो गल्ती गर्ने व्यक्तिले दायित्व वहन गर्नु पर्दछ। त्रुटी, लापरवाही वा हेलचक्रयाइँबाट गरेको कुनै काम अथवा अकर्मण्यता (कसैले गर्नुपर्ने काम नगरेको) को कारणले कसैलाई क्षति वा कसैको जीउ, ज्यान वा सम्पत्तिमा हानी, नोक्सानी हुन गएमा त्यस्तो हानी पुऱ्याउने व्यक्तिले दायित्व वहन गर्नुपर्छ।



उदाहरणका लागि:- कुनै व्यक्तिले आफ्नो बगैंचाको रुख काट्दा छिमेकीको घरमा क्षति पुऱ्याएमा वा छिमेकी घाइते भएमा त्यस्तो बगैंचाधनीले छिमेकीको घरमा पुगेको क्षतिको क्षतिपूर्ति गर्नुपर्छ । घाइते छिमेकीको औषधोउपचार खर्च पनि बेहोर्नुपर्छ।

दुष्कृतिको उपचार क्षतिपूर्तिद्वारा प्रदान गरिन्छ।





पीडितले माग गरेमा अदालतले गल्ती गर्नेलाई मुनासिब क्षतिपूर्ति भर्न लगाउन सक्छ। त्यसरी भर्न लगाइने क्षतिपूर्ति, रकम वा बस्तु वा सेवा जस्तो सुकै पनि हुन सक्छ। त्यस्तो क्षतिपूर्ति वास्तविक क्षति वा हानिअनुसारकै हुन्छ।




दुष्कृतिजन्य केही व्यवहारलाई देवानी कानूनअन्तर्गत र केही व्यवहारलाई फौजदारी कानूनअन्तर्गत मुद्दा चलाइन्छ।




मर्कापर्ने व्यक्तिले सो कामकारबाही भए, गरेको मितिले छ महिनाभित्र नालिस गर्नुपर्छ ।

नोट: कुनै दुष्कृतिलाई कानूनबमोजिम फौजदारी कसूर मानिएको वा त्यस्तो दुष्कृतिका सम्बन्धमा अन्य कानूनमा छुट्टै व्यवस्था भएकोमा दुष्कृतिको आधारमा दायित्व बेहोर्नु पर्दैन।

# दुष्कृति दायित्व बेहोर्नुपर्ने व्यक्ति



## आमा, बाबुले दायित्व बेहोर्नु पर्ने

- चौध वर्ष पूरा नभएको नाबालकले गरेको गल्तीवापत निजसँग बसेका आमा, बाबु र आमा, बाबु नभएमा मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्ने व्यक्ति (जस्तै संरक्षक, माथवर)ले दायित्व बेहोर्नुपर्छ ।

## संरक्षक वा माथवरले दायित्व बेहोर्नुपर्ने

- होस ठेगानमा नरहेको व्यक्तिले गरेको हानी, नोक्सानी वापत निजको संरक्षक वा माथवरले दायित्व बेहोर्नुपर्छ।



## काम लगाउने व्यक्तिले दायित्व बेहोर्नुपर्ने

- आफूले काममा लगाएको घरेलु सहायक, अन्य कामदार वा कर्मचारीले त्यस्तो कामको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैलाई हानी, नोक्सानी भएमा त्यसरी काममा लगाउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यसको दायित्व बेहोर्नुपर्छ।

- कामदार वा कर्मचारीको हेलचेक्र्याइँ वा बदनियतले गरेको काम वापतको दायित्व त्यस्तो कामदार वा कर्मचारीले बेहोर्नुपर्छ।



## घरमूलीले दायित्व बेहोर्नुपर्ने

- कुनै घरबाट कुनै किसिमको फोहोर मैला वा वस्तु फालेको कारणबाट कसैलाई कुनै किसिमको हानी, नोक्सानी भएमा सम्बन्धित घर मुली र घर परिवारमा मुख्य भई काम गर्ने मान्छेले दायित्व बेहोर्नुपर्छ।



## घर भत्किई हानी, नोक्सानी भएकोमा घरधनीले दायित्व बेहोर्नुपर्ने

- कुनै पनि घर निर्माण हुँदै गर्दा वा निर्माण भइसकेको घर पूरै अथवा आंशिक रूपमा भत्केर कसैलाई कुनै किसिमको हानी, नोक्सानी भएमा सम्बन्धित घरधनीले बेहोर्नुपर्छ ।



## अनधिकृत प्रवेश

- कसैको सम्पत्तिमा अनाधिकृत प्रवेश गरेको कारणले भएको हानी, नोक्सानी बापत अनाधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व बेहोर्नुपर्छ।



## पशुले गरेको हानी, नोक्सानी बापत पशुधनीले दायित्व बेहोर्नुपर्नेः

- आफूले पालेको पशुले कसैलाई हानी, नोक्सानी पुऱ्याएमा त्यसको दायित्व पशुधनीले बेहोर्नुपर्छ।

तर निम्न अवस्थामा पशुधनीले दायित्व बेहोर्नु पर्दैनः

१) पशुधनीले सुरक्षात्मक उपाय अपनाई पशुलाई नियन्त्रणमा राखेको अवस्थामा,

२) नोक्सानी पुगेको व्यक्तिकै काम, त्रुटी वा हेलचेक्रयाइँबाट हानी, नोक्सानी पुग्न गएमा

# आमाबाबु र छोराछोरी

## मातृत्व वा पितृत्व निर्धारण गर्ने आधार




◆ कुनै पनि व्यक्तिको मातृत्व वा पितृत्व निर्धारण गर्नु पर्दा निज जन्मिदा निजको आमा वा आमाको पति को थियो भन्ने आधारमा गरिन्छ।

उदाहरणका लागि, छोरा राम र छोरी गीताको मातृत्व वा पितृत्व निर्धारण गर्दा निजको आमा सीता वा सीताका पति हर्कबहादुरको आधारमा गरिन्छ। पितृत्व निर्धारण गर्दा अन्यथा प्रमाणित भएकोमा बाहेक त्यस्तो व्यक्ति जन्मदाका बखत निजको आमाको पति रहेको व्यक्ति निजको बाबु भएको अनुमान गरिन्छ। विवाह भएको मितिबाट एक सय असी दिनपछि जन्मिएको शिशु र पति र्हकबहादुरको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुई सय बहत्तर दिनभित्र सीताबाट जन्मिएको शिशु हर्कबहादुरकै सन्तान हो भन्ने मानिन्छ वा अनुमान गरिन्छ।

◆ आमा सीता वा बाबु हर्कबहादुरले, र कुनै अवस्थामा संरक्षक वा माथवरले मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्न सक्छन्। आमा बाबुको वैवाहिक सम्बन्ध अन्त्य भएको वा कानूनबमोजिम भिन्न बसेकोमा नाबालक जिम्मा लिने आमा वा बाबुले सो अख्तियारी प्रयोग गर्न सक्छन्।

## मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्नेको दायित्व, अधिकार र जिम्मेवारी के के हुन् ?

◆ छोरा राम र छोरी गीताको आमा बाबुले संयुक्त रूपमा हेरचाह र स्याहार, सम्भार गर्नु पर्दछ।शारीरिक वा मानसिक रूपले अशक्त वा अपाङ्ग भएमा त्यस्तो छोरा छोरी उपर विशेष निगरानी राखी निजलाई विशेष सहुलियत र संरक्षण प्रदान गर्नु पर्दछ। आमा बाबुले छोरा, छोरी वा छोरा, छोरा वा छोरी ,छोरी बीच कुनै किसिमको भेदभाव गर्नु हुदैन।

◆ आमा बाबुले छोरा, छोरीलाई खान, लगाउन दिनुका साथै परिश्रम गर्न सिकाउनुपर्छ, उनीहरुलाई स्नेह, अनुराग तथा माया दिनुपर्छ, सामाजिक मर्यादा, शिष्टाचार, सदाचार, नैतिकता, संस्कार, संस्कृति र रहन, सहन सिकाउनु, बुझाउनु र सोअनुसार आचरण गर्न लगाउनुपर्छ तथा शारीरिक, मानसिक तथा बौद्धिक व्यक्तित्व विकासका लागि आवश्यक पर्ने अन्य जुनसुकै काम गर्नुगराउनुपर्छ।

## अदालतले मातृक तथा पैत्रिक अख्तियारीमा कहिले रोक लगाउन सक्छ ?



- आमाबाबुले छोराछोरीलाई क्रूर, अमानवीय वा यातनापूर्ण सजाय दिएमा, पटकपटक उपेक्षा वा हेला गरेमा वा दुरुपयोग गरेमा, अनैतिक वा यौनजन्य पेसा, जीउ, ज्यान वा स्वास्थ्यमा खतरा हुन सक्ने काममा लगाएमा, निजको हीतविपरीत निजको सम्पत्ति खर्च गरी हानी, नोक्सानी गरेमा, धार्मिक वा सांस्कृतिक रीतिस्थितिको पालना गर्दाको अवस्थामा बाहेक निजलाई भिक्षा माग्ने, कानूनबमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाएमा अदालतले मातृक तथा पैत्रिक अख्तियारीमा रोक लगाउन सक्छ।




- आमा वा बाबुको सहमतिविना छोरा, छोरीले आमा, बाबुबाट भिन्न बस्नु हुँदैन तर राम र सीताको उमेर अठार वर्ष पूरा भएमा, रोजगारी प्राप्त गरी भिन्न बसेमा उनीहरुको मातृक तथा पैत्रिक अख्तियारीको अन्त्य हुन्छ तर, कुनै छोरा, छोरी शारीरिक वा मानसिक रूपले अशक्त भएकोमा निजले विवाह गरी भिन्न बसेको अवस्थामा बाहेक निजउपरको मातृक तथा पैत्रिक अख्तियारीको अन्त्य हुँदैन।
- छोराछोरीको जन्म दर्ता जन्मिएको तीन महिनाभित्र गर्नुपर्दछ।

# धर्मपुत्र र धर्मपुत्री




विष्णु १२ वर्षकी नाबालिका हुन्। उनलाई श्यामबहादुर र गोमाले धर्मपुत्री बनाउन खोजेका छन्।

## कस्तो व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राख्न सकिन्छ ?

- कुनै पनि नेपाली नागरिकले १४ वर्ष उमेर पूरा नभएसम्मको बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिन वा दिन सक्छ, तर आमाबाबुको एउटा मात्र छोरा वा छोरीको रूपमा रहेको बालबालिका भए धर्मपुत्र वा धर्मपुत्री लिनदिन मिल्दैन।
- बाबु र आमा दुवैको मृत्यु भई कसैको संरक्षणमा नरहेको र बालगृहमा कम्तीमा छ महिना बसेका अनाथ बालबालिका र स्वेच्छाले त्यागेका बालबालिका, विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिन सकिन्छ।
- कुनै पनि स्वदेशी वा विदेशी व्यक्तिले एक पटक धर्मपुत्र वा धर्मपुत्री राखेपछि त्यस्तो दम्पतीबाट अरु सन्तान जन्मे पनि धर्मपुत्र वा धर्मपुत्रीको कानूनी हैसियत प्राकृतिक सन्तान सरहकै हुन्छ।
- धर्मपुत्र वा धर्मपुत्री राख्नका लागि धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्ति र धर्मपुत्र वा धर्मपुत्री बस्ने व्यक्तिबीचको उमेरको अन्तर २५ वर्षको हुनुपर्छ।

उदाहरणका लागि:- विष्णुको उमेर र श्यामबहादुरका दम्पतीको उमेरबिच २५ वर्षको अन्तर हुनुपर्छ।




## धर्मपुत्र वा धर्मपुत्री राख्नको लागि योग्यता

- धर्मपुत्र वा धर्मपुत्री राख्न चाहने दम्पतिले विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरीको जायजन्म नभएको हुनुपर्दछ,
- पैँतालीस वर्ष उमेर पूरा भएकी अविवाहिता, विधवा, सम्बन्धविच्छेद वा न्यायिकपृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला हुनुपर्छ,
- पैँतालीस वर्ष उमेर पूरा भएको अविवाहित, विधुर, सम्बन्धविच्छेद वा न्यायिकपृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुष हुनुपर्छ।
- विदेशीलाई नेपाली नागरिक वा नेपालमा बसोबास गरेको विदेशीको कुनै बालबालिका धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न योग्य हुन विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नभएको दम्पति, पैँतालीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेकी अविवाहित, विधवा, सम्बन्धविच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला, पैँतालीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेको अविवाहित, विधुर, सम्बन्धविच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुषमध्ये हुनुपर्छ।



## धर्मपुत्र वा धर्मपुत्री राख्नको कानून बमोजिम पुऱ्याउनु पर्ने रीत




- स्वदेशभित्रै धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा बालबालिकाको अभिभावक र संस्थासँग अनुमति लिएर धर्मपुत्र वा धर्मपुत्रीको लिखतसहित सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनुपर्छ।
- विदेशमा धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा, अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री बोर्डसमक्ष तोकिएको कागजात सहित निवेदन दिनुपर्छ।

## धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको दायित्व

- धर्मपुत्र वा धर्मपुत्रीलाई छोरा वा छोरीसरह आफ्नो इज्जत र क्षमताअनुसार पालनपोषण, स्वास्थ्य, खेलकुद, मनोरञ्जन तथा उचित शिक्षाको व्यवस्था गर्ने,
- धर्मपुत्र वा धर्मपुत्रीको हक र हितको संरक्षण गर्ने,
- मात्रिक तथा पैत्रिक अख्तियारी प्रयोग गर्ने।



## धर्मपुत्र वा धर्मपुत्रीको दायित्व

- धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिलाई आफ्ना बाबु, आमासरह इज्जत तथा क्षमता अनुसार पालनपोषण, स्वास्थ्य तथा हेरचाहको व्यवस्था गर्ने,
- धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको सम्पत्तिको संरक्षण, हेरविचार तथा उचित व्यवस्थापन गर्ने, धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको हक र हितको संरक्षण गर्ने।

नोट:

- धर्मपुत्र वा धर्मपुत्रीको हक, अधिकार, दायित्व र जिम्मेवारी धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको छोरा वा छोरीसरह हुनेछ, कसैले कुनै व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राखिसकेपछि निजको छोरा वा छोरी जन्मिए पनि त्यस्ता धर्मपुत्र वा धर्मपुत्रीको छोरा वा छोरीसरहको हैसियतमा कुनै असर पर्दैन।
- धर्मपुत्र वा धर्मपुत्री भएको व्यक्तिले आफूलाई जन्माउने बाबु, आमाको अंशमा दाबी गर्न पाउँदैन तर धर्मपुत्र वा धर्मपुत्री बदर भएकोमा आफूलाई जन्माउने बाबुआमाको अंशमा दाबी गर्न पाउँछ। धर्मपुत्र वा धर्मपुत्री हुँदाका बखत निजले अंश लिइसकेको भए निजले त्यस्तो सम्पत्तिसमेत लिन पाउँछ।


नेपाल सरकार
कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

मुलुकी देवानी संहिता

Japan International Cooperation Agency

# विवाह

## विवाह भनेको के हो ?



- पुरुष र महिलाबिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन विवाह हो ।
- कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति, पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ। जुनसुकै किसिमबाट भएकोभए पनि विवाह भएपछि त्यस्तो वैवाहिकतालाई सार्वजनिक गर्नु वा गराउनुपर्दछ।

## विवाह गर्ने योग्यता




- विवाह हुनको लागि महिला र पुरुष हुनुपर्छ।
- महिला र पुरुष दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्दछ।
- महिला र पुरुषले एकअर्कालाई पति, पत्नीका रूपमा स्वीकार गरेको हुनुपर्छ ।तर विवाहको सहमति भए पनि द्विविवाह वा बहुविवाहलाई विवाहको मान्यता प्राप्त हुँदैन।
- महिला र पुरुष बिच हाडनातामा विवाह हुँदैन। आफ्नो वंशका सात पुस्तासम्मका सबै नातालाई हाडनाता सम्झनुपर्छ तर आफ्नो जातीय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नातासम्बन्ध रहेको हकमा भने विवाह गर्न वा गराउन सकिन्छ।
- महिला वा पुरुषले वैवाहिक सम्बन्ध कायम रहिरहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन।
- विवाह दर्ता गराउनुपर्दछ, तर दर्ता नगराएको कारणले मात्र त्यस्तो विवाहले कानूनी मान्यता नपाउने भन्ने हुँदैन।

## विवाह बदर गराउन सकिने अवस्था

- निम्न कुराहरू झुक्याई विवाह गरे वा गराएमा विवाह बदर गराउन सकिन्छ:-

क. शरीरमा मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु एच आई भी वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागको,

ख. यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित रहेको,

ग. पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन, वा कुष्ठ रोगी भएको,

घ. होस ठेगानमा नरहेको,

ङ. विवाह भैसकेको,

च. गर्भवती भएको,

छ. नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको।

## शारीरिक सम्पर्कबाट शिशु जन्मेमा विवाह भएको मानिन्छ:

- कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिलाबीच स्वत: विवाह भएको मानिन्छ।



तर जवरजस्ती करणी वा हाडनाता करणी बाट शिशु जन्मिएमा तथा कानूनबमोजिम विवाह गर्ने उमेर पूरा नभई वा बहुविवाह कायम हुने अवस्था भएमा शिशु जन्मिएको भए पनि पुरुष र महिलाबीच स्वत: विवाह भएको मानिँदैन।

## सम्बन्ध विच्छेद

पति, पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पतिपत्नीको सम्बन्धविच्छेद गर्न सक्छन्।



## मञ्जुरी नभए पनि सम्बन्धविच्छेद गर्न सकिने

- कानूनबमोजिम अंश लिई वा मानो छुट्टिई पति र पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको र पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,



- पत्नी वा पतिले एक अर्कालाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पति वा पत्नीले एक अर्काको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पत्नीले अन्य पुरुषसँग र पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा।
- पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।

## सम्बन्धविच्छेद गर्नुअघि अंशबन्डा गर्नुपर्ने

- पतिको कारणबाट पति पत्नीबीच सम्बन्धविच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्धविच्छेद गर्नु अघि पति पत्नी बीच अंशबन्डा गर्न लगाउनु पर्छ।



- पति पत्नी दुवैको नाममा वा पति पत्नीमध्ये कुनै एकको नाममा सम्पत्ति रहेछ भने सम्बन्धविच्छेद हुनुअघि निजहरू बीच अंशबन्डा गर्नु पर्छ।
- पतिले नै बाबु वा अन्य अंशियारबाट अंश लिई नसकेको भए अदालतले सबैलाई अंश छुट्याई अंशबन्डा गराई दिन्छ। तर पत्नीले आफ्ना पतिको भागबाट मात्र अंश पाउँछ।
- अंशबन्डा गर्दा लामो समय लाग्ने देखिएमा अदालतले पति, पत्नीबीच सम्बन्धविच्छेद गरी अंशबन्डा नभएसम्मको लागि पतिको सम्पत्ति र आयस्ताको आधारमा पतिबाट पत्नीलाई मासिक खर्च भराई दिन सक्छ।
- पत्नीको कारणले सम्बन्धविच्छेद भएका अवस्थामा भने अंश दिन वा खर्च भर्न पति बाध्य हुँदैन।

# सम्बन्धविच्छेदपछि छोराछोरीको जिम्मा कसको हुन्छ ?




- पति, पत्नीबीच सम्बन्धविच्छेद हुँदा वा भिन्न हुँदाका बखत नाबालक छोराछोरी जिम्मा लिने सम्बन्धमा छुट्टै सहमति भएको भए छोराछोरीको जिम्मा त्यसैअनुसार हुन्छ। त्यस्तो सहमति नभएमा पाँच वर्ष उमेर पूरा नभएको नाबालक भए आमाले अर्को विवाह गरेको भए वा नभएपनि निजले चाहेमा आमाको जिम्मामा, पाँच वर्षभन्दा माथिको नाबालक भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा निजको जिम्मामा, दश वर्ष उमेर पूरा गरिसकेको नाबालक बाबु वा आमा कसको जिम्मा रहने हो भन्ने निर्णय गर्दा सम्बन्धित नाबालकको राय लिन सकिन्छ।



- नाबालक जिम्मा लिएको आमा वा बाबुले आफूले जिम्मा लिएको नाबालकको हेरचाह र स्याहार, सम्भार गर्नुपर्छ, नाबालक जिम्मा लिने आमा वा बाबुको भन्दा जिम्मा नलिने आमा वा बाबुको आम्दानी बढी रहेछ भने त्यस्तो आमा वा बाबुले त्यस्तो नाबालकको पालनपोषण, शिक्षा र उपचारका लागि त्यस्तो आमाबाबुको सहमति बमोजिमको र त्यसरी सहमति हुन नसकेमा अदालतले तोकेबमोजिमको खर्च त्यस्तो नाबालकलाई उपलब्ध गराउनुपर्छ।

- आमाको जिम्मा रहेको नाबालकलाई बाबुसँग र बाबुको जिम्मा रहेको नाबालकलाई आमासँग समयसमयमा भेट गर्न वा आमा, बाबुको सहमतिमा केही अवधिको लागि साथमा रहन दिनुपर्छ।



- कुनै सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खान, लाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्धविच्छेद भएको पतिको आम्दानीको आधारमा खाने लगाउने खर्च भराई दिन सक्नेछ तर त्यस्ती पत्नीले अर्को विवाह गरेमा वा पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा त्यस्तो खर्च दिनुपर्ने अवस्था हुँदैन।

# मुलुकी देवानी संहिता

## २०७४



# मुलुकी देवानी संहिता

मुलुकी देवानी संहिता २०७४ साल असोज ९ गते पारित भएको हो। मुलुकी देवानी संहितासँगै मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनहरू पनि संसद् बाट पारित भएका हुन्। २०७४ साल असोज ३० गते प्रमाणीकरण भएका यी ऐनहरू २०७५ साल भाद्र १ गते देखि लागू भएका हुन्।

यी ऐनहरूले देशमा कानूनी व्यवस्था कायम राखी नैतिकता, शिष्टाचार, सदाचार र सुविधा कायम राख्ने साथै आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा न्यायिक व्यवस्था गरेर विभिन्न जातजाति, वर्ण र समुदायबीच सद्भावपूर्ण सम्बन्ध कायम राख्ने लक्ष्य लिएका छन्।

मुलुकी देवानी संहितामा ६ भाग र ७२१ दफाहरू छन्। ती सबै व्यवस्था मानवजीवन साथै उद्यमहरू र अरू सङ्गठनहरूका क्रियाकलापसँग धेरै नजिक छन्।

यसका केही प्रावधान मुलुकी ऐन र अरू कानूनबमोजिम छन् भने केही नयाँ प्रावधान अन्य देशका कानूनी प्रावधानहरूको अध्ययनबाट मिलाएर थपिएका छन्।


देवानी संहिताको भाग ६ मा निजी अन्तर्राष्ट्रिय कानूनसम्बन्धी व्यवस्था राखिएको छ। यसले नेपाली र विदेशी नागरिकबिचका सम्बन्ध, जस्तै विवाह, लेनदेन आदिका बारेमा र बहुराष्ट्रिय सम्बन्ध जोडिएका मामिलामा कस्ता कानूनको प्रयोग गर्ने भन्ने बारेमा व्यवस्था गरेको छ।


जापान सरकारले (जाईका मार्फत) सन् २००९ देखि नेपालको मुलुकी देवानी संहिता बनाउन सहयोग गरेको थियो। नेपाली कार्यदल सदस्यहरूले नेपाल र जापानमा धेरै छलफल गरेपछि यी कानूनी व्यवस्था यस ढाँचामा ल्याइएका हुन्। बेलाबेलामा श्रव्यदृश्य सञ्चारसाधनबाट पनि बैठकहरू भए जसमा जापानी कानून प्राध्यापकहरूसँग दफाबार छलफल गरिएको थियो। जापानी विज्ञहरूले सल्लाहकार समूहका सदस्यका रूपमा निरन्तर सल्लाह दिएका थिए।

# देवानी संहिताका भागहरूभित्र केके छन् ?

## भाग १: प्रारम्भिक (परिचय)

यस भागमा संहिताका प्रावधानहरू सामान्य कानूनको रूपमा व्यवस्था गरिएका हुन् र कुनै विषयमा बेग्लै विशेष कानूनको व्यवस्था भएमा सोही ऐनको व्यवस्था लागू हुने गरी व्यवस्था गरिएको छ भन्ने कुरा स्पष्ट पारिएको छ। यस भागमा देवानी कानूनका सामान्य सिद्धान्त तथा नागरिक अधिकारसम्बन्धी व्यवस्थाहरू राखिएका छन् जस्तै प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने, कुनै आधारमा भेदभाव गर्न नपाइने, नगरिने, कानूनको अधीनमा रही प्रत्येक नागरिकलाई स्वतन्त्रता र अधिकार हुने, इत्यादि।




## भाग २: व्यक्ति सम्बन्धी कानून

यस भागमा प्राकृतिक तथा कानूनी व्यक्तिसम्बन्धी र प्राकृतिक व्यक्तिको दामासाहीसम्बन्धी व्यवस्थाहरु बारे लेखिएको छ।

## भाग ३: पारिवारिक कानून

यस भागमा विवाह, सम्बन्धविच्छेद, आमा, बाबु तथा छोराछोरीका सम्बन्ध, मातृक तथा पैत्रिक अख्तियारी, संरक्षकत्व, माथवर, धर्मपुत्र तथा धर्मपुत्री, अंशवण्डा तथा अपुतालीसम्बन्धी व्यवस्थाहरू राखिएका छन्।







## भाग ४ः सम्पत्ति सम्बन्धी कानून


यस भागमा सम्पत्तिको स्वामित्व, भोगाधिकार र उपभोगसम्बन्धी, जग्गा आवाद, भोगचलन तथा दर्तासम्बन्धी, सरकारी, सार्वजनिक तथा सामुदायिक सम्पत्तिसम्बन्धी, गुठीसम्बन्धी, फलोपभोग र सुविधाभारसम्बन्धी, घरबहाल, दानबकस, सम्पत्तिको हस्तान्तरण तथा प्राप्तिसम्बन्धी, अचल सम्पत्तिको बन्धकी, हकसफासम्बन्धी, लिखत पारित र लेनदेन व्यवहारसम्बन्धी व्यवस्थाहरू समेटिएका छन्।

## भाग ५ः करार तथा अन्य दायित्व सम्बन्धी व्यवस्था



यस भागमा करार, करार सम्पन्न गर्ने व्यवस्था, करारीय दायित्व, करारको परिपालना, करारको उल्लंघन र उपचार, करारका प्रकार, अप्रत्यक्ष वा अर्धकरार, ज्यालामजुरीसम्बन्धी व्यवस्था, अनुचित संवृद्धि (अनजष्ट इन्रिचमेन्ट), दुष्कृति (टर्टस्), त्रुटिपूर्ण उत्पादनवापतको दायित्वसम्बन्धी प्रावधानहरू समेटिएका छन्।



## भाग ६ः निजी अन्तर्राष्ट्रिय कानून सम्बन्धी व्यवस्था

यस भागमा नेपाली र विदेशी नागरिकबिचका सम्बन्ध, व्यवहार र विवाद (जस्तै विवाह, सम्बन्धविच्छेद, करार, इत्यादि)का सन्दर्भमा बहुराष्ट्रिय सम्बन्ध जोडिँदा कस्ताकस्ता कानूनको प्रयोग गर्ने भन्ने कुराको व्यवस्था गरिएको छ।